का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ मंसिर २०८०,
आइतबार
10 December 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३०५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## लयमा फर्किएको
# न्यायालय

पछिल्ला समयमा न्यायालयले आदेश र फैसलामार्फत आफ्नो साख बलियो बनाउँदै लगेको सरोकारवालाहरु बताउँछन् ।



न्यायपालिकाबाट प्रवाह हुने सेवालाई समयसापेक्ष अनुरुपको परिवर्तन र आधुनिक प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई तदारुकता दिइएको छ ।

■ **विश्वम्भरप्रसाद श्रेष्ठ**
**प्रधानन्यायाधीश**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

आरती साहको परिवारले सर्वोच्च अदालतको आदेशले मोतीबाबु साहलाई थुनामा पठाउन आदेशलाई आंशिक र क्षणिक सफलताको रूपमा लिएको छ। शनिवार विज्ञप्ती निकालेर पीडित परिवारले यस्तो बताएको हो ।

'मृतक आरती साहको मुद्दाको सम्बन्धमा सर्वोच्च अदालतको गत बुधबार (२० गते)को आदेशलाई हामी पीडित परिवारले आंशिक र क्षणिक सफलताको रूपमा लिएका छौं ।' शनिवार जारी विज्ञप्तीमा भनिएको छ।

धनुषाको मिथिला बिहारी नगरपालिका-३ मिथिलेश्वर मौवाही घर भई जनकपुरधाम-९ थापा चोकमा रहँदै आएकी २२ वर्षीय आरतीकुमारी साहको गत जेठ ७ गते साँझ जनकपुरधाम उपमहानगरपालिका-९ थापाचोकमा रहस्यमय मृत्यु भएको थियो । उनको दाइजोका कारण हत्या गरिएको माइतीपक्षको आरोप छ। थप रकम नदिदाँ पटक-पटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक यातना दिँदै आएको आरोप छ ।

मोतीबाबु साहलाई थुनामा नरही अदालती कारबाही अगाडि बढ्न नसक्ने भनी सार्वजनिक रुपमा भइरहेको आलोचना समेतलाई सर्वोच्च अदालतको यो आदेशले कम गरेको छ। यस्ता पछिल्ला समयमा न्यायलयले आदेश र फैसलामार्फत आफ्नो साख बलियो बनाउँदै लगेको सरोकारवालाहरु बताउँछन् ।

»» पृष्ठ २ मा





### अल्जाईमर्सका विरामीलाई सहयोग गरौं

- अल्जाईमर्स प्राय: ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- यो रोगको प्रारम्भमा विस्तारै बिर्सिंदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता
- लक्षण देखिन्छन ।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सने लक्षण देखिन सक्छ ।
- यस्ता विरामीलाई सहयोग गरौं, एक्लै नछोडौ र चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## त्रिपालमै ९० प्रतिशत भूकम्प पीडित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर ।

जाजरकोट र रुकुमपश्चिमका ९० प्रतिशत भूकम्प पीडित त्रिपालमै रहेको पाइएको छ । स्थानीय प्रशासनका अनुसार अस्थायी आवास निर्माणको क्रम चलिरहेको छ । अस्थायी आवासले पूर्णता पाउने क्रममा रहेकाले केही समयभित्रै सबै अस्थायी आवासमा बसोबास गर्न सक्ने स्थानीय प्रशासनको भनाइ रहेको छ ।

कात्तिक २६ गते नै स्वीकृत कार्यविधिअनुसार केन्द्र सरकारले अस्थायी आवास निर्माण गर्नका लागि ५० हजार रकम दिने र त्यसका लागि मापदण्ड तोक्ने काम गरेको थियो । त्यस अनुसार काम भइराखेको छ । स्थानीयका अनुसार विभिन्न राजनीतिक दलका स्वयंसेवकहरूले छानोबिनाका अस्थायी आवास निर्माण गरेका छन् । सरकारी अनुदानको रकमले जस्तापाता लगेर छाएपछि धेरै पीडित अस्थायी आवासमा रहन पाउने बताइन्छ ।

स्थानीय प्रशासनका अनुसार जाजरकोटमा »» पृष्ठ २ मा




# भएन किसानको वर्गीकरण

किसानको वर्गीकरण गरेर विभिन्न प्रकारका सेवा सुविधा र सहुलियत दिने घोषणा प्रत्येक सरकारले बजेटमा गर्दै आएका छन् । तर कानून कार्यान्वयनको आधा दशकसम्म पनि किसानको वर्गीकरण भने हुन सकेको छैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ मंसिर ।

किसानको वर्गीकरण गर्ने गरी कानून बनेको पाँच वर्ष भयो । खाद्य सम्प्रभुता ऐन २०७५ मा किसानको वर्गीकरण गर्ने भनिएको छ। ऐनको दफा १४ मा किसानको पहिचान र सम्मान सम्बन्धी व्यवस्था छ । 'नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी वर्गीकरण गर्नेछ' दफा १४ (१) मा लेखिएको छ ।

वर्गीकरणको आधारमा परिचयपत्र जारी गर्ने भनिएको छ । 'वर्गीकरणको आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा प्रचलित कानून बमोजिम योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराइनेछ' दफा १४ (३) मा भनिएको छ ।

यो ऐनले पाँच वर्ष अगाडि गरेको व्यवस्था कार्यान्वयन नहुँदा किसानहरुले प्राप्त गर्न सक्ने सुविधा वा सहुलियत पाउन सकिरहेका छैनन् ।



किसानको वर्गीकरण हुन सकेको भए कसलाई कुन प्रकारको अनुदान चाहिएको छ भन्ने कुराको पहिचान हुन्थ्यो र यसले एउटा रिजल्ट पनि दिन सक्थ्यो ।

**जयन्तीदेवी राई**
**सभापति**
**विधायन व्यवस्थापन समिति**

तर, किसानको वर्गीकरण गरेर विभिन्न प्रकारका सेवा सुविधा र सहुलियत दिने घोषणा प्रत्येक सरकारले बजेटमा गर्दै आएका छन् । तर, कानून कार्यान्वयनको आधा दशकसम्म पनि किसानको वर्गीकरण भने हुन सकेको छैन । बरु कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले किसानको वर्गीकरण गर्न कठिन भएको बताएको छ ।

यो ऐन कार्यान्वयनको मूल्यांकन राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले गरिरहेको छ । त्यसक्रममा समितिले ' खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५' को कार्यान्वयनको अवस्थाबारे कृषि मन्त्रालयसँग जानकारी माग गरेको थियो । समितिलाई ऐन कार्यान्वयनको अवस्थाको विवरण उपलब्ध गराउँदै »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रुसमा नेपाली बेच्ने को हो ?
## गैरआवासीयहरुको अवैध धन्दामाथि गम्भीर प्रश्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

नेपालीलाई भुटानी शरणार्थी बनाएर मोटो रकम असुल्ने राजनीतिक दलका केही नेता, प्रशासक र बिचौलियाको समूह मुद्दाको पूर्पक्षका लागि जेलमा रहेका छन्। नेपालीलाई शरणार्थी बनाउनु गम्भीर अपराध भएको चर्चाले नेपाली राजनीति लामो समय तरंगित भयो। उक्त विषयले नेपाली समाज अहिलेसम्म पनि तरंगित छ। तर त्योभन्दा बढी गम्भीर विषय हजारौं नेपालीलाई राष्ट्रिय पहिचान नै बदलेर युद्धग्रस्त रुस र युक्रेनमा पठाउने गिरोह को हो ? भन्ने विषयको ठोस पहिचान सरकारले गर्न सकिरहेको छैन ।

इजरायलमा हमासको आक्रमणमा परी १० जना नेपाली विद्यार्थीको ज्यान गएको पीडा भुल्न नपाउँदै युक्रेससँगको युद्धका क्रममा ६ जनाको ज्यान गएको र सयौं जना बेखबर रहेको खबरले नेपालीको सुरक्षाको चिन्ता गहिरिएको छ ।

युद्धका लागि भर्ती भएर फर्केका प्रहरीका केही जवानको बयानका आधारमा प्रहरीले गिरोहका १२ जना शंकास्पद व्यक्तिहरुलाई पक्राउ गरेको छ। रुस पुगेका नेपालीको खोजी र उद्धारको पहल गरिरहेको बताउने गरेको सरकारले मोटामोटी सात सय नेपाली रुसी सेनामा भर्ना भएको बताएको छ । तर ब्याटल सेक्युरिटीको सेक्युरिटी गार्ड भनेर लगिएका नेपालीलाई रुसमा कैदीका साथमा लडाइँको अग्रमोर्चामा खटाइएको रुस पुऱ्याइएका तर भागेर नेपाल फर्केका सिन्धुली दुधौलीका जगदीश पहाडीले बताए ।

उनले यसअघि चर्चामा आएका विवरणहरुलाई पुष्टि गर्ने गरी रुसमा ८ हजारभन्दा बढी नेपाली युवाहरु पुगेको अनुमान लगाएका छन् । उनले आफूसहित चार जना नेपालीलाई रुसमा स्थायी बसोबास भएका गैरआवासीय »» पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com

२४ मंसिर २०८०, आइतबार
10 December 2023, Sunday

# 'महिलालाई थप अधिकार दिने विषयमा हामी गम्भीर हुनैपर्छ'

**काठमाडौं/मस**-महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले राज्यका संरचनामा पछिल्लो समय महिला सहभागिता दिनानुदिन वृद्धि हुँदै गएको बताएका छन् ।

नेपाल प्रेस युनियन महिला विभागद्वारा शनिबार आयोजित 'समान सहभागिताका लागि सञ्चारकर्मीको भूमिका' विषय अन्तरक्रियामा उनले विश्वका कयौँ मुलुकका तुलनामा नेपालमा महिला हकअधिकारका लागि कानूनी विशेष प्रावधान रहेको उल्लेख स्पष्ट गरे ।

मन्त्री आचार्यले भने, 'संविधानले सुनिश्चित गरेका समानुपातिक र समावेशी प्रतिनिधित्वका विषयलाई तीन तहका सरकारले कार्यान्वयन गर्दै अघि बढेको छ । सरकारी प्रयासले मात्रै भने महिला हिंसा अन्त्य र प्रतिनिधित्व सुनिश्चित गर्न कठिन हुन्छ ।' जबसम्म समाजमा महिलालाई हेर्ने दृष्टिकोण र सहभागिता सुनिश्चित हुन सक्दैन तबसम्म मुलुक परिवर्तन हुन नसक्ने बताउँदै उनले समाजमा ठूलो रोगका रुपमा रहेको भ्रष्टाचार महिलाले नेतृत्व गरेका निकायमा तुलनात्मक रुपमा कम रहेको जानकारी दिए ।

मन्त्री आचार्यले भने, 'महिलालाई थप अधिकार दिने विषयमा हामी गम्भीर हुनैपर्छ, महिलाले पनि




अधिकारसँगै आफ्नो क्षमता अभिवृद्धि गर्दै जानुपर्छ । संविधानले महिला अधिकार र समावेशिताको पक्ष सुनिश्चित गरेको छ ।'

महिलालाई अधिकार दिने नाममा आफ्नो परिवार र नातागोता अघि बढाउने कार्यको चौतर्फी विरोध भइरहेको बताउँदै उनले यस्ता विकृतिलाई अन्त्य गर्न सञ्चार जगतले पनि कमल चलाउनुपर्छ भने ।

मन्त्री आचार्यले भने, 'समाजमा महिला शिक्षास्तर कमजोर छ, रुढीवादी परम्परा व्याप्त छ, पत्रकार समाजको वौद्धिक वर्ग हो । तपाईहरुको कलम त्यस्ता रुढीवादी र गलत क्रियाकलापविरुद्ध प्रयोग हुनुपर्छ ।'

राष्ट्रपतिका प्रेस सल्लाहका किरण पोखरेलले विश्वका कयौँ विकसित मुलुकको तुलनामा नेपालमा महिला हकहित र अधिकारसम्बन्धी कानूनी व्यवस्था उच्च रहेको बताए । उनले भने, 'महिलाको समान सहभागिताका लागि कानुनी प्रबन्ध व्यवस्थित र प्रयाप्त छ । कार्यान्वयनको पाटो भने अझै कमजोर नै देखिन्छ, अझै पनि धेरै महिलालाई आफ्नो हकअधिकारसम्बन्धी कानुनी व्यवस्था थाहा नै छैन ।'

युनियनका अध्यक्ष शिव लम्सालले युनियनमा आबद्ध महिला पत्रकारलाई संगठनले महत्वपूर्ण जिम्मेवारी प्रदान गर्दै आएको बताउँदै क्षमता अभिवृद्धिमा सक्दो सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । नेपाल पत्रकार महासंघकी पूर्वउपसभापति अनिता विन्दुले संविधानले प्रदान गरेको समानता र स्वतन्त्रताको उपभोग गर्दै निशंकोच रुपमा महिलाले हकअधिकारका लागि आवाज उठाउनुपर्ने आवश्यकता औंल्याए ।

युनियनका पूर्वअध्यक्ष रमेश तुफान र उपाध्यक्ष नकुल अर्यालले समावेशी र समानताको विषय लक्षित समुदायमा पुग्न नसकेको बताए ।

आयोजक संस्था युनियनको महिला विभागकी प्रमुख सलोजा दाहाल, सञ्चारिका समूहका अध्यक्ष विमला तुङ्खेवा, नेपाली कांग्रेस ओखलढुंगाकी नेत्री गोमा केसी र महासंघकी उपाध्यक्ष बाला अधिकारीलगायतले समावेशीतामार्फत अघि बढेका महिलालाई नेतृत्वमा पुऱ्याउनु अहिले प्राथमिक चुनौती भएको बताएकाथिए ।

सो अवसरमा युनियन गोरखापत्र शाखा अध्यक्ष राधा चालिसे प्रस्तुत गरेको कार्यपत्रमा टिप्पणी गर्दै महासंघका पूर्वसचिव रामजी दाहालले पूर्वीय सभ्यता अंगालेको नेपाली समाजले महिलाको सम्मान र सहभागितामा प्रश्न खडा हुन्न भनेर कल्पना गर्न नमिल्ने धारणा राखे ।

# किशोरीहरुलाई लैंगिक हिंसाविरुद्ध खुलेर लाग्न सुझाव

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २३ मंसिर

'म हिंसा गर्दिन, म हिंसा सहन्न, म हिंसा हुन दिन्न' भन्ने नाराका साथ लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा बाँके जिल्लाका मानव अधिकार तथा महिलाहरुको क्षेत्रमा काम गर्ने गैर सरकारी संघसंस्थाहरुले १६ दिनसम्म दिनहुँ विविध कार्यक्रमहरुको आयोजना गर्दै आएको छ । सोही सन्दर्भमा अखिल नेपाल अखिल नेपाल महिला संघ बाँकेले किशोरीहरुका लागि स्वास्थ्य सचेतना कार्यक्रम आयोजना गरेको छ । अखिल नेपाल महिला संघ बाँकेकी अध्यक्ष मीना ढकालको अध्यक्षतामा ' महिला हिंसा अन्त्यका लागि सुदृढ संगठन, हिंसा मुक्त समाज निर्माणमा लगानी हाम्रो अभियान', लैंगिक हिंसा अन्त्यको सुनिश्चिता: महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने यस वर्षको मूल नाराका साथ विद्यालयका किशोरीहरुलाई स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरेको छ ।

सो कार्यक्रममा अखिल नेपाल महिला संघका केन्द्रीय सदस्य तथा बाँके इन्चार्ज अछरी पोखरेलले १६ दिने लैंगिक हिंसाविरुद्धको अभियानको इतिहास, दिवस मनाउनुको कारण, किशारीलाई स्वास्थ्य सचेतनाको आवश्यकता




लगायतका विषयमा जानकारी गराएकी थिइन् । यसैगरी नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य एकमाया विकले लैंगिक हिंसाविरुद्ध आफुले भोगेका अनुभव सुनाउँदै किशोरीहरुलाई लैंगिक हिंसाविरुद्ध खुलेर लाग्न र लैंगिक हिंसा सहेर नबस्न सुझाव दिइन् ।

अखिल नेपाल महिला संघ बाँकेकी अध्यक्ष मीना ढकालका अनुसार प्राय: महिलाहरु पुरुषको दाँजोमा बढी मात्रामा लैंगिक हिंसा खेप्नुपर्ने भएकोले महिलाहरुलाई सचेत पार्ने उद्देश्यले किशोरीहरुलाई सचेतना कार्यक्रमको आयोजना गरिएको हो । पश्चिम नेपालको छात्राहरुको पुरानो स्थानीय सरस्वती माध्यमिक विद्यालय नेपालगन्ज कक्षा ९ र १० मा अध्ययनरत किशोरीहरुको सहभागितामा उक्त कार्यक्रम गरिएको हो । सो अवसरमा स्वास्थ्यकर्मी सर्मिला थापाले किशोरी रजस्वला भएको अवस्थामा अपनाउनुपर्ने सतर्कता, सरसफाईमा ध्यान दिनुपर्ने कुरा लगायतका विषयमा प्रशिक्षण दिएकी थिइन् । यसैगरी स्वास्थ्यकर्मी सुमन गिरी श्रेष्ठले गुडटच र व्याडटच के-के हो ?, कसरी छुट्याउने के-के सतर्कता अपनाउने जस्ता विषयमा प्रशिक्षण दिएकी थिइन् । किशोरीहरुलाई लक्षित गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा अनेमसंघ प्रदेश सदस्य तलत प्रविण खान, अनेमसंघ जिल्ला कमिटीका कोषाध्यक्ष कमला तिवारी, सदस्य कला भुसाल, ज्ञानु केसी, अनेमसंघ नगर कमिटीका अध्यक्ष रिना पौडेल, उपाध्यक्ष मैया तिवारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी किशोरीहरुले किशोर अवस्थामा हुने परिवर्तनका विषयमा चासोका साथ सुनेर जिज्ञासा राखेका थिए । स्वास्थ्य सचेतना कार्यक्रम नेपालगन्ज नगरपालिकाका प्रत्येक वडामा सञ्चालन गर्न आवश्यक रहेको पनि कार्यक्रममा सहभागीहरुबाट जोड दिइएको थियो ।

# विद्यालय भवन निर्माणका लागि अध्यक्षले दिए १ लाख बढी चन्दा

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २३ मंसिर

बझाङको थलारा गाउँपालिकामा रहेको थलारा माध्यामिक विद्यालयको भवन निर्माणका लागि १ लाख भन्दा बढी चन्दा रकम दिइएको छ । थलारा गाउँपालिका वडा नम्बर ६ का वडाध्यक्ष तथा सोही विद्यालयका व्यवस्थापन समिति अध्यक्ष अनिल कुमार बिष्टले १ लाख १ हजार १ सय ११ रुपैयाँ चन्दा दिएका हुन् । उनले शैक्षिक अवस्थामा सुधार ल्याउनका लागि भवन निर्माणमा सहयोग गरेको बताए ।



२०७९ सालको कात्तिक महिनामा गएको भूकम्पले विद्यालयको भवनमा क्षति पुऱ्याएर विद्यार्थीको पठनपाठन चौरमा हुन थालेपछि विद्यालयमा देखिएको उक्त समस्या समाधानका लागि व्यवस्थापन समितिले चन्दा संकलन तथा विद्यालयको आन्तरिक स्रोतबाट भवन निर्माण गर्ने निर्णय गरेको थियो ।

अहिले विभिन्न ठाउँबाट समाजसेवी, बुद्धिजीवी, अभिभावकहरुको सहयोग तथा विद्यालयको आन्तरिक स्रोतबाट भवन निर्माण गरिएको छ । २०८० साल बैशाख महिनादेखि विद्यालयको भवन निमार्ण कार्य थालिएकोमा मंसिर १८ गते निमार्ण कार्य सम्पन्न भएको विद्यालयका प्रधानाध्यापक शेरबहादुर चौहानले जानकारी दिए । ३० लाखको लागतमा निर्माण गरिएको पक्की दुई तले ६ कोठे भवनमा चन्दाबाट संकलन भएको १२ लाख र आन्तरिक स्रोतबाट १८ लाख लगानी लगाइएको समेत प्रधानाध्यापक चौहानले बताए । निमार्ण कार्य सम्पन्न भएको विद्यालय भवनको उद्घाटन गर्न बाँकी छ, तर कक्षाकोठा अभावका उक्त नवनिर्मित भवनबाट पठनपाठन कार्य भने शुरु भइसकेको विद्यालयले जनाएको छ ।

# निजी प्राविधिक शिक्षालय महासंघ बागमती प्रदेशमा नयाँ नेतृत्व

**काठमाडौं/मस**-निजी प्राविधिक शिक्षालय महासंघ बागमती प्रदेश कमिटीको प्रदेश भेला तथा दोस्रो महाधिवेशन शनिबार सम्पन्न भएको छ । काठमाडौंमा सम्पन्न केन्द्रीय महाधिवेशनले बागमती प्रदेश अध्यक्ष तथा केन्द्रीय उपाध्यक्षमा निर्वाचित रमेशजंग कुँवरको अध्यक्षतामा ९ सदस्यीय प्रदेश कमिटी गठन गरेको छ ।

जसअनुसार प्रदेश कमिटी उपाध्यक्षमा अमृत बहादुर बुढाथोकी, सचिवमा सी.पी. शर्मा नेपाल, कोषाध्यक्षमा पुष्पराज श्रेष्ठ र सह-सचिवमा



पवन वैद्य चयन भएका छन् भने कार्यसमिति सदस्यरुमा गंगा शर्मा, लक्ष्मी अधिकारी, बिष्णु त्रिपाठी र अमर अमात्य रहेका छन् ।

उक्त भेलामा प्रमुख अतिथि ई. शैलेन्द्र मोहन झा, विशिष्ट अतिथिमा केन्द्रीय वरिष्ठ उपाध्यक्ष राम प्रसाद पौडेल, विशेष अतिथि केन्द्रीय महासचिव भुवन चक्र जोशी र केन्द्रीय सदस्य तथा महिला नेतृ सिन्धु मल्लले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन निवर्तमान सचिव सी.पी. शर्मा नेपालले गरेका थिए ।

## लयमा...

मंसिर १७ गते जिल्ला अदालत रुकुम पश्चिमले साढे तीन वर्षअघि चौरजहारी नगरपालिका सोतीगाँउमा भएको नवराज विकसहित ६ जनाको हत्याको घटनामा २३ जनालाई जन्मकैदको सजाय सुनायो ।

उक्त घटनामा क्रुरतापूर्वक हत्या गरेको, घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जातीय भेदभाव तथा छुवाछुत गरेको आरोपमा तत्कालिन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित २३ जनालाई जन्मकैदको सजाय सुनाएको हो । जन्मकैदको सजाय तोकिएकाहरु २५ वर्ष कैद बस्नु पर्छ ।

१० जेठ २०७७ मा जाजरकोटको भेरी नगरपालिका-४ रानागाउँका २१ वर्षका नवराज विक आफ्नी प्रेमिकासँग विवाह गर्न साथीहरुसँगै रुकुम पश्चिमको चौरजहारी नगरपालिका-८ सोती गाउँ पुगेका थिए । त्यस क्रममा किशोरीका आफन्त र गाउँलेले लखेटीलखेटी नवराज विकसहित ६ जनाको हत्या गरेका थिए भने १२ जना घाइते भएका थिए ।

यो घटनाका सम्बन्धमा फैसला आएपछि पीडितहरुले 'नवराज मरे पनि न्याय मरेको रहेनछ' भनी न्यायलयको प्रशंसा गरेका थिए ।

न्यायलयले स्यावासी पाएको अर्को आदेश हो - कर्तव्य ज्यान मुद्दामा सर्वस्वसहित जन्मकैद पाएका बाँकेका रिगल भनिने योगप्रसाद ढकालको सजाय मिनाहा गर्ने सरकारको निर्णय बद् हुने सर्वोच्च अदालतको निर्णय । सर्वोच्च अदालतले उनलाई दिइएको माफी संविधान तथा कानुन विपरीत रहेको भन्दै उक्त निर्णय बदर हुने आदेश दिएको थियो ।

सरकारको सिफारिसमा संविधान दिवसमा राष्ट्रपति रामचन्द्र पौडेलले रिगललाई सजाय माफी दिएपछि त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन परेको थियो । ढकालले हत्या गरेको भनिएका चेतन मानन्धरकी पत्नी भारतीले उक्त रिट निवेदन दर्ता गराएकी थिइन् ।

रिगलले मानन्धरको हत्या गरेको पुष्टि भएको भन्दै अदालतले उनलाई दोषी ठहर गर्दै जन्मकैदको फैसला सुनाएको थियो । राष्ट्रपतिबाट माफी पाउनुअघिसम्म उनी जेलमै थिए । कानुनविद्हरूले जघन्य र गम्भीर प्रकृतिका अपराधमा संलग्नहरूलाई आममाफी दिने कानुनी व्यवस्था नभएको भन्दै उनलाई दिएको आममाफीप्रति प्रश्न उठाउँदै आएका थिए । सरकारको उक्त कदमको व्यापक आलोचना भएको थियो । सर्वोच्च अदालतले सरकारको निर्णय बदर गरिदिएपछि मानन्धरले सर्वोच्च अदालतको गेटमै ढोग गरेकी थिइन् । संवैधानिक मुद्दाहरुमा समेत अदालतको कामकारबाहीको सकारात्मक चर्चा हुन थालेको छ । कोशी प्रदेशमा राजनीतिक दलहरुले आफू अनुकुल सभामुखलाई समेत सरकार निर्माणमा सहभागी गराउँदा त्यसको बिपक्षमा आदेश गरेर सरकारले कोर्स करेक्सन गरिदिएको छ ।

प्रतिनिधि सभाको दुई पटकसम्म भएको विघटनलाई बदर गरेर अघिल्लो प्रतिनिधि सभाको पूर्ण कार्यकाल चल्ने अवस्थाका लागि सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसला नै कारक बनेको थियो । सरकार बन्ने अवस्थासम्म संसद विघटन नहुने नजिर अदालतले स्थापित गरिदिएको छ । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ पनि न्यायपालिका अहिले आफ्नो लयमा अघि बढेको बताउँछन् । उनका अनुसार न्यायपालिकाबाट प्रवाह हुने सेवालाई समयसापेक्ष अनुरुपको परिवर्तन र आधुनिक प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई तदारुकता दिइएको छ । उनी दोहोऱ्याउँछन्, 'न्यायपालिकाबाट प्रवाह हुने सेवालाई समयसापेक्ष अनुरुपको परिवर्तन र आधुनिक प्रविधिको उपयोगमार्फत सेवा प्रवाहलाई तदारुकता दिइएको छ ।'

## त्रिपालमै...

नागरिकले गहुँबारीमा त्रिपाल हालेर बसेका छन् । त्रिपालमा विशेषगरी बालबालिका, बिरामी, ज्येष्ठ नागरिकहरूलाई निकै समस्या छ ।

## भएन...

मन्त्रालयले किसान वर्गीकरणमा कठिनाइ भएको बताएको हो ।

'खेतीपाती, पशुपालन, मत्स्य, व्यापार, सेवा क्षेत्र जोडिएको जटिल आर्थिक सामाजिक संरचनामा आधारित परिवार रहे/भएकोले किसान वर्गीकरण कार्यमा कठिनाइ' कृषि विकास मन्त्रालयले विधायन व्यवस्थापन समितिलाई बुझाएको विवरणमा उल्लेख छ ।

विधायन व्यवस्थापन समितिकी सभापति जयन्तीदेवी राईका अनुसार किसानलाई सरकारले बिभिन्न प्रकारका सहुलियत र अनुदान दिने गरेको छ । तर, जति पनि सहुलियत र अनुदान दिइएको छ त्यो विनाआधार दिने गरिएको छ ।

'विना आधार अनुदान दिँदा वास्तविक किसानले सरकारी सहुलियत पाउन सकेनन् भनेर अनुदानलाई प्रभावकारी ढंगले परिचालन गर्न किसानको वर्गीकरण गरिनुपर्छ भनेर कानुन बनाइएको थियो,' उनी भन्छिन्, 'किसानको वर्गीकरण हुन सकेको भए कसलाई कुन प्रकारको अनुदान चाहिएको छ भन्ने कुराको पहिचान हुन्थ्यो र यसले एउटा रिजल्ट पनि दिन सक्थ्यो ।'

राष्ट्रिय किसान सञ्जालका अध्यक्ष गणेश तिमिल्सिना राज्यको प्राथमिकतामा किसान छैनन् भन्ने यो बलियो प्रमाण भएको बताउँछन् । 'हरेकको अभिव्यक्तिमा किसान प्राथमिकतामा पर्छन् । व्यवहारमा पाँच वर्ष अगाडि नै कानुनले गरेको व्यवस्था अनुसार वर्गीकरण गर्दैनन्' उनी थप्छन्, 'यो दुःखद कुरा हो । राज्यको कमजोरी हो ।' हामी गर्दैछौं भनेर जिम्मेवारीमा रहेकाहरुले किसानलाई ढाँटिरहेको उनको भनाइ छ । उनका अनुसार साना किसानको संख्या ठूलो छ र उनीहरू राज्यको सहुलियतबाट टाढा छन् । 'जसले बाख्रा पालेको छ उसले बाख्राको अनुदान पाएको छ । माछा पोखरी नहुनेले अनुदान पाएको छ । असली काम गरिरहेकाहरु सहुलियत र अनुदानबाट टाढा छन् ।' यस्तो समस्याको समाधान वर्गीकरण नै रहेको र वर्गीकरण भयो भने त्यसअनुसार लगानी गर्न राज्यलाई नै सहज हुने र त्यसबाट प्रतिफल समेत पाउन सकिने उनको विश्वास छ ।

## रुसमा ...

नेपाली नागरिक नुवाकोटका डेनिस तामाङ र उनकी श्रीमती सरिता गुरुङले पठाएको बताए । पहाडीको भनाइले मोटो रकम लिएर युद्धका लागि नेपाली नागरिक पठाउने धन्दामा रुसी भाषाका जानकार केही गैरआवासीय नेपालीहरुको संलग्नता रहेको देखाएको छ ।

यसअघि खाडी मुलुकहरुमा भएका मानव तस्करीको कार्यमा केही गैरआवासीय नेपालीहरु व्यक्तिगतरुपमा संलग्न रहेको सार्वजनिक भएको थियो । त्यसले गैरआवासीय नेपाली संघको सार्वजनिक छविमा कतिपयले प्रश्न उठाउने गरेका थिए । रसियन भाषा नेपालीका लागि अप्ठ्यारो रहेको र लामो प्रयासमा मात्रै बुझ्न सकिने भएको भन्दै त्यहाँ पुगेर फर्केका युवाले हजारौं नेपाली युवालाई त्यहाँ पुऱ्याउन रुसमा बस्ने अनुभवी व्यक्तिहरुको संलग्नता रहेको बताएका छन् । यस विषयमा सरकारसहित गैरआवासीय नेपाली संघले चासोका साथ छानबिन गर्नुपर्ने कतिपयको माग छ ।

# रोटरीको नि:शुल्क स्वास्थ्य शिविर

काठमाडौं/मस-रोटरी क्लब अफ काठमाडौं वेष्ट, स्पार्क हेल्थ होम र प्रहरी वृत्त कालिमाटीको संयुक्त आयोजनामा शनिबार कालिमाटी वृत्तमा स्वास्थ्य शिविर आयोजना गरिएको छ ।

वरिष्ठ प्रहरी उपरीक्षक भूपेन्द्र खत्रीले शुभारम्भ गरेको सो शिविरमा एक सयभन्दा बढी प्रहरी र कैदीको स्वास्थ्य परीक्षण गरिएको थियो । समारोहमा रोटरी क्लब अफ काठमाडौं वेष्टले ५९ ट्राफिक प्रहरीका लागि नि:शुल्क चस्मा प्रदान गरेको थियो ।

स्वास्थ्य विशिरमा डा.प्रकाश श्रेष्ठ, डा.अग्नीकुमार महतो, डा.दृष्टि श्रेष्ठ, डा.आनन्द शाह, डा.रुपा बलामी र डा.दिपिका बराल क्षेत्रीलगायतका डाक्टरले प्रहरी र कैदीको स्वास्थ्य परीक्षण गरे । शिविरमा नाक, कान, घाँटी, दात र नसासम्बन्धी रोगको परीक्षण गरिएको थियो । स्वास्थ्य शिविरमा स्पार्क हेल्थ होमले नि:शुल्क औषधि वितरण गरेको निर्देशक रुपेश अधिकारीले जानकारी दिए ।

**सुदूरपश्चिम प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाजुरा**
**२०७५**

**पशुधन बीमाको प्रिमियममा थप अनुदान उपलव्ध गराउने सम्बन्धि सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८०।०८।२४**

पशुपंक्षि तथा मत्स्य पालन व्यवसायमा भएका जोखिमहरु न्यूनीकरण गरी कृषकहरुको लगानी सुरक्षित गर्दै यिनको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरुलाई पशुपन्छी बीमाको प्रिमियममा थप अनुदान उपलव्ध गराउने सुदूरपश्चिम प्रदेश सरकारको नीति तथा यस कार्यालयको चालु आर्थिक वर्षको पशुपन्छीका माहामारी रोग नियन्त्रण तथा जोखिम व्यवस्थापन कार्यक्रम अन्तरगत पशुधन बीमा शुल्कमा थप अनुदान कार्यक्रममा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यूनाइटेड-अजोड इन्सुरेन्स कं. लि. बाजुरा शाखा तथा शाखाको टेलिफोन नं. ०९७ ५४१२९७, मो.नं. ९८५८४८९०१६ र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र मार्तडी बाजुरा तथा कार्यालयको फोन ०९७ ५४१०६४ मोबाइल नं. ९८५८४८५७६४ र ९८५८४२५०२० मा सम्पर्क राख्न अनुरोध छ ।

विमा शुल्कमा थप अनुदानको लागि पेश गर्नुपर्ने कागजातहरु

१. फर्म/संस्था/समूह/समिति दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि
२. स्थाइ लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. पशुधन विमालेख र विमा गरेको विल विजक
५. विमा शुल्कमा थप अनुदानको लागि समूह/समिति/संस्थाको निर्णयको प्रतिलिपि

**कुवेतमा रोजगारको अवसर**

**कम्पनी**: ALSHAYA FOOD SUPPLIES COMPANY
**शहर**: Kuwait
**पूर्व स्वीकृत मिति**: २०८०/०८/२२ | **चलानी नं.**: ६०२११७९ | L.T. No.: 296143

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,७४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 10 | 0 | | 120 | ५१,७९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १ गते (17 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Fax : 4111890 Mobile No: 9823599811

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०४/२२ मा दर्ता भएको **किसान बजार खाद्य उद्योग प्रा.लि. (प्रा.लि. नं. २६७१००)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

# प्रवासिने नेपालीको लर्को रोक्नुपर्ने जिम्मेवारी राजनीतिज्ञको हो : उपप्रधानमन्त्री खड्का

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ मंसिर

उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले पछिल्लो २ दशकयता नेपालीहरू प्रवासिने क्रम बढेको र त्यसको प्रधान कारण राजनीति मात्र नभइ प्राकृतिक पनि रहेको बताएका छन् । नेपाली मध्यपूर्वमा विशेष गरी रोजगारीका लागि आउने गरेको बताउँदै उपप्रधानमन्त्री खड्काले देश छोडेर विदेश आउने लर्को रोक्न गम्भीर भएर लाग्नु पर्ने बाध्यता अब राजनीतिज्ञको काँधमा आएको बताए ।




संयुक्त राष्ट्र संघको आयोजनामा घानामा भएको अन्तर्राष्ट्रिय शान्ति स्थापनासम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनमा भाग लिएर नेपाल फर्कने क्रममा कतार भ्रमणमा रहेका उपप्रधानमन्त्री खड्कासँग गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कताले आयोजना गरेको भेटघाट तथा स्वागत कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् । द वेस्टिन दोहा होटेलमा शुक्रबार साँझ सम्पन्न कार्यक्रम संघका अध्यक्ष रमेश भट्टको अध्यक्षता, मन्त्री खड्काको प्रमुख आतिथ्यता तथा कतारका लागि नेपाली राजदूत नरेश विक्रम ढकालको विशेष उपस्थितिमा सम्पन्न भएको हो ।

भेटघाटका कार्यक्रममा मन्त्रीलाई लक्षित गर्दै कतारमा स्थापित राजनीतिक दलका भ्रातृसंगठनका नेतृत्वकर्ताले कतारको बस्तुस्थितिसहित नेपाल फर्कँदा विमानस्थलमा हुने फरक र हेय व्यवहारका बारेमा अवगत गराएका थिए । आफ्नो शुभकामना मन्तव्यका क्रममा राजदूत ढकालले लामो समयपछि सरकारका प्रतिनिधिको भ्रमणले थप उर्जा मिलेको बताए । कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका उपप्रधानमन्त्री खड्काले आफू २०५९ सालमा कतार डब्लुटीओको कार्यक्रममा कतार आएको स्मरण गर्दै नेता भएर पनि विदेश भ्रमणको मोह आफूमा नरहेको प्रष्ट पारे ।

आफू एनआरएनएसँग जोडिएर केही समस्याको पहिचान गर्दै समाधान गरेको स्मरण गरे । उनले गैरआवासीय नागरिकतालगायतका मुद्दाको सम्बोधन गरिएको बताए । मानिसहरू मिसन ८४ भन्दै लागेको बताउँदै उनले ८० मा के गर्ने भन्ने बारेमा सबैले सोच्नुपर्ने बताए । आफूले ४ वर्ष काम गर्न बाँकी रहेको बताउँदै उनले जनतासमक्ष इमान्दार भएर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । देशमा भएका राम्रा र सबल पक्षलाई अगाडि बढाउने र कमजोर पक्षलाई सुधार्दै र सुध्रिँदै उन्नतिको बाटोमा लानुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो ।

संघका महासचिव रविन मगरले सहजीकरण गरेको कार्यक्रममा प्रथम उपाध्यक्ष कृष्ण पन्थीले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रमका सभापति भट्टले नेपालीका समस्याका बारेमा वक्ताहरूले राखेको धारणा मन्त्रीमार्फत नेपाल सरकारसम्म पुग्ने विश्वास व्यक्त गर्दै कार्यक्रमको समापन गरेका थिए ।

# एक सय आधारभूत अस्पताल निर्माण गर्ने सरकारको लक्ष्य



**काठमाडौं/मस**–सरकारले यसै आर्थिक वर्षमा एक सय आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको छ । अहिले २६ आधारभूत अस्पताल सम्पन्न गरेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यसै आर्थिक वर्षमा सय अस्पताल निर्माण लक्ष्य लिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । मन्त्रालयका तथ्यांक अधिकृत सूर्यबहादुर खड्काका अनुसार २६ वटा अस्पतालका अन्तिम किस्ता पठाइसकिएको छ । पाँचथरको हिलिहाङ गाउँपालिकाको गोपेटार स्वास्थ्य चौकीको पाँच शय्या र दार्चुलाको व्यास गाउँपालिकाको १५ शय्याको आधारभूत अस्पताल पनि चाँडै नै सम्पन्न हुने तयारीमा रहेको उनले बताए ।

उनका अनुसार हाल चार सय १३ स्थानीय तहका अस्पतालको ठेक्का सम्झौता भई प्रक्रिया अगाडि बढेको छ । सरकारले आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा भूगोल र जनसंख्याका आधारमा हरेक स्थानीय तहमा पाँचदेखि १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य लिएको थियो । सोहीअनुसार २०७७ साउन २८ गते तीन सय ९६ र २०७७ पुस १२ गते दुई सय ५९ अस्पताल निर्माण गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।

सरकारले पाँच शय्याका लागि रु सात करोड ११ लाख, १० शय्याका लागि रु १० करोड ८३ लाख र १५ शय्याका लागि रु १८ करोड छ लाख रकम छुट्याइएको छ । पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका एक सय ५७ स्थानीय तह र १५ शय्याका चार सय २० स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गरिने छ ।

सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुर्याउन ती अस्पताल निर्माण गर्ने घोषणा गरे पनि समयमै नसिकएपछि अब पाँच वर्षभित्र ती निर्माण पूरा हुन नसकेका अस्पतालको निर्माणकार्य गरिने मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले बताए ।

यस्तै अझै एक सय ९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गरेका छैनन् । मन्त्रालयका प्रवक्ता डा.बुढाथोकीले डिपिआर पेस नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताए । भूगोल र जनसंख्याका आधारमा पाँच शय्याका ८० स्थानीय तह, १० शय्याका एक सय ५५ स्थानीय तह र १५ शय्याका चार सय २० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् ।

# ट्याक्टर पल्टिँदा दुई जनाको मृत्यु

**रामएकवाल राम/मध्यान्ह**
लहान, २३ मंसिर

सिरहामा ट्याक्टर पल्टिँदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । सिरहाको औरही गाउँपालिका-२ तुलसीपुरमा ट्याक्टर पल्टिँदा स्थानीय ४० वर्षीय सुरेन्द्र यादव र उनकै भतिजा ७ वर्षीय चन्दन यादवको मृत्यु भएको हो भने ट्याक्टरमै चढेका रञ्जन यादव घाइते भएका छन् ।

खेत जोतेर फर्किने क्रममा गागन नदीको तटबन्धबाट स १ त ७४५८ नम्बरको ट्याक्टर पल्टिँदा काका-भतिजाको मृत्यु भएको हो । ट्याक्टरको इन्जिनमा च्यापिएर दुवै जनाको मृत्यु भएको प्रहरीले बताए ।

प्रहरीले मृतक दुई जनाको शव पोस्टमार्टमका लागि सिरहा प्रादेशिक अस्पताल लगेको जिल्ला प्रहरी कार्यलय सिरहाले जनाएको छ ।

# आफ्नै ठूलोबुबाको घरमा गोली प्रहार गरेर एक करोड मागेपछि ...




**धर्मेन्द्र दाहाल/मध्यान्ह**
हेटौंडा, २३ मंसिर

अपहरण गरेर फिरौती माग्ने थुप्रै घटनाहरु नेपालमा सार्वजनिक हुने गरेका छन् । तर बागमती प्रदेशको राजधानी हेटौंडामा भने नयाँ घटना सार्वजनिक भएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ९ का एक युवाले आफ्ना साथिहरुसँग मिलेर आफ्नै सहोदार ठूलोबुबाको घरमा गोली प्रहार गर्दै एक करोड रुपैयाँ मागेपछि प्रहरीको फन्दामा परेका छन् ।

घटना गत १९ मंसिरको हो । हेटौंडा ९ का ३३ वर्षीय निश्चल पौडेल आफ्ना दुईजना साथिहरु ३५ वर्षीय गणेश घले र ३० वर्षीय प्रितम क्षेत्रीसहित आफ्ना ठूलोबुबा सूर्यप्रसाद पौडेलको घर आसपास पुग्छन् ।

हातमा स्वचालित पेस्तोल लिएर पुगेका उनले ठूलोबुबाको घरको भित्तामा एकाएक गोली वर्षाउँछन् र मोबाइलमार्फत हिन्दी भाषामा एक करोडको माग गर्छन् । आफुलाई एक करोड नदिए अर्को पटक भित्तामा मात्र गोली नपड्कने चेतावनी दिँदै उनीहरुको टोली त्यहाँबाट हिँड्छन् । उनीहरुले हिन्दी फिल्ममा प्रयोग हुने 'डाईलग'को प्रयोग गरी फिल्मी शैलीमा फिरौती रकम मागेका थिए । यो 'ट्रेलर' मात्र भएको र आफुले भनेको रकम नदिए पूरा फिल्म देखाउने भन्दै उनीहरुले सूर्यप्रसादलाई आतंकित बनाएका थिए ।

एकाएक घरमा गोली प्रहार भएपछि आत्तिएका सूर्यप्रसादले उक्त कुरा तुरुन्त प्रहरीलाई भन्छन् । घरमा गोली प्रहार गरेर एक करोड रुपैयाँ फिरौती मागेको घटना मकवानपुरको पहिलो घटना भएको र निकै संवेदनशिल विषय भएको भन्दै मकवानपुरका प्रहरी प्रमुख एसपी सिताराम रिजाल आफैँ घटनाको अनुसन्धानमा खटिए । तीन दिनको अनुसन्धानपछि प्रहरीले गोली प्रहार गरेर फिरौती माग्ने व्यक्तिलाई पक्राउ गर्न सफल भयो । प्रहरीले घटना भएको घरको वरपरको सीसीटीभीको सहायताले अपराधमा संलग्नहरुको खोजीकार्य गरेपछि सफलता हात पारेको हो । घटनाका योजनाकार सूर्यप्रसादका आफ्नै भतिज रहेको थाहा पाएपछि प्रहरी पनि चकित परेको थियो ।

प्रहरीले घटनाको मुख्य योजनाकार निश्चलको साथबाट स्वचालित पेस्तोलसहित १९ थान गोली समेत बरामद गरेको छ । हेटौंडा ९ घर भएपनि निश्चल हेटौंडा ४ मा डेरागरी बस्थे । प्रहरीले उनीहरु बस्ने कोठामा छापा मार्दा २ वटा मोटरसाइकल, २ ग्राम चार सय मिलीग्राम खैरो हिरोइन, लागुऔषध तौल गर्ने तराजु, ५ थान मोबाइल र ५० हजार रुपैयाँ बरामद गरेको छ ।

प्रहरीले उनीहरुको साथबाट आधुनिक स्वचालित पेस्तोल कहाँबाट आयो भन्ने विषयमा गहन अनुसन्धान गरिरहेको जनाएको छ । मकवानपुरको सन्दर्भमा घरमा गोली प्रहार गरेर फिरौती रकम मागेको घटना पहिलो र निकै गम्भीर किसिमको रहेको भन्दै प्रहरीले तीनैजनाको म्याद थप गरेर थप अनुसन्धानको कामलाई अघि बढाएको छ ।

# बिजुलीको तार चुँडिएर खस्दा खेत जोतिरहेका किसानको मृत्यु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ मंसिर

रौतहटको माधवनारायण नगरपालिका-७ लौकाहामा करेन्ट लागेर शनिबार एक जना किसानको मृत्यु भएको छ । खेत जोतिरहेका बेला बिजुलीको तार चुँडिएर तारले छुँदा बैजुलाल पण्डितको करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ । साथै करेन्ट लागेर गोरु पनि मरेको प्रहरीले बताएको छ ।

खेत जोतिरहेका बेला नजिकै रहेको ११ हजार भोल्टको तार खसेर करेन्ट लागेपछि पण्डितको ज्यान गएको तथा गोरु मरेको जिल्ला प्रहरी रौतहटका प्रहरी निरीक्षक झलक शर्माले जानकारी दिए । उक्त घटनाको थप अनुसन्धान भरहेको प्रहरी निरीक्षक शर्माले बताए ।

# कर्मचारीलाई लाभ र प्रभावमा नपरी काम गर्न निर्देशन

**मोरङ/मस**-कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्कीले जनप्रतिनिधि र कर्मचारीलाई लाभ र प्रभावमा नपरी कार्य गर्न निर्देशन दिएकाछन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीद्वारा शनिबार विराटनगरमा आयोजित भ्रष्टाचारविरुद्धको अन्तर ाष्ट्रिय दिवससम्बन्धी कार्यक्रम उद्घाटन गर्दै उनले ऐन, नियमावली, कार्यविधिअनुसार काम गरे अख्तियारले दण्डित होइन पुरस्कृत गर्ने बताए ।

मुख्यमन्त्री कार्कीले संविधानले दिएको अधिकार प्रयोग गर्दै स्थानीय तहबीच सुशासन कायम गर्नेतर्फ प्रतिस्पर्धामा लाग्न आग्रह गरे । 'राज्यका सबै अंक एक अर्काका पूरक हुन्, आयोग अपराधीका लागि कठोर हो भने असल नियतले काम गर्नेका लागि पवित्र नदी गंगा हो', उनले भने ।

उनले तोकिएभन्दा कम रकममा टेण्डर सम्झौता गरी काम नगर्नु पनि भ्रष्टाचार भएकाले प्रदेश सरकारले यस कार्यलाई कुनै किसिमको छुट नदिने प्रष्ट पारे ।

प्रदेशका प्रमुख सचिव डा.दीपक काफ्लेले सरकारका सबै अंग भ्रष्टाचारविरुद्धमा लाग्नु पर्ने बताए । मोरङका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले भ्रष्टाचार नियन्त्रणमा सबैले आफ्नो क्षेत्रमा लाग्नुपर्नेमा जोड दिए । त्यसअवसरमा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले अख्तियारबाट स्थानीय तह पीडित भएकाले उजुरी उपर अनुसन्धान छिटो टुंग्याउन सुझाव दिए ।

आयोगका इटहरी प्रमुख सुरेश न्यौपानेले मुलुकमा भ्रष्टाचारको अवस्था र नियन्त्रण विषयक कार्यपत्र प्रस्तुत गर्दै सबैभन्दा बढी स्थानीय तहसम्बन्धी ३५ दशमलव १० प्रतिशत उजुरी आएको जानकारी दिए । सो अवसरमा प्रदेशका सरकार अन्तर्गतका सबै मन्त्रालयका सचिव, संघीय सरकार कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरुको सहभागिता थियो ।

# भक्तपुरमा भेटियो दुर्लभ चरा 'स्वेतमाथा कलहाँस'

**भक्तपुर/मस**–भक्तपुरमा पहिलोपटक साइबेरियन दुर्लभ पक्षी स्वेतमाथा कलहाँस अर्थात् ग्रेटर ह्वाइट फेन्टेट गुज भेटिएको छ ।

पक्षी संरक्षण तथा अन्वेषणकर्ता सञ्जय था श्रेष्ठले काठमाडौं उपत्यकामा पहिलोपटक भक्तपुरको हनुमन्ते फाँटमा हाँस प्रजातिको दुर्लभ चरा स्वेतमाथा कलहाँस भेटिएको जानकारी दिए ।

कलहाँस नेपालमा पहिलोपटक सन् २००४ मार्च २४ मा देखिएको थियो । त्यतिबेला कोशी टप्पु वन्यजन्तु आरक्षणमा दुईवटा कलहाँस भेटिएका थिए । गर्मी मौसममा निकै माथि उचाइमा उडेर बास बस्ने कलहाँस चरा गत वर्ष नारायणी नदी आसपास क्षेत्रमा चारवटा पाइएको थियो ।

रुस, साइबेरियालगायत अति चिसो मुलुकबाट जाडो छल्न नेपाल प्रवेश गर्ने क्रममा हनुमन्तेमा आइपुगेको बताउँदै पक्षीविज्ञ डा.कमलराज गोसाइ, सुजन श्रेष्ठ र सूर्यमान श्रेष्ठले हनुमन्तेमा यी चराको तस्वीरसमेत कैद गरेका छन् । गोसाइका अनुसार यो चरा चिसो मौसममा बस्न नसक्ने भएकाले चिसो छल्न नेपाल आएको हो । कलहाँस हनुमन्तेमा आएपछि हिमालयन नेचर, वर्ड कन्जरभेसन नेपाल र विश्वकै चराहरूको अवस्थाबारे रेकर्ड राख्ने ई-वर्ड नेपालले अभिलेख गरेको उहाँले बताउनुभयो । करिब तीनदेखि चार केजी तौल हुने कलहाँस जाडो छल्न नेपाल आएपछि करिब दुई महिनापछि गन्तव्यतर्फ फर्कने गर्दछ ।

# सेतीदेवी माविले मनायो २५औं स्थापना तथा २०औं अभिभावक दिवस

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, २३ मंसिर



दोलखाको भीमेश्वर नगरपालिका वडा नं ७ काउलेमा अवस्थित श्री सेतीदेवी माध्यमिक विद्यालयले आफ्नो २५औं स्थापना दिवस तथा २०औं अभिभावक दिवस मनाएको छ । गत बिहीबार विद्यालय परिसरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर स्थापना तथा अभिभावक दिवस मनाइएको हो ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेश सभा सदस्य भरत बहादुर केसीले २५औं स्थापना दिवस तथा २०औं अभिभावक दिवसको उद्घाटन गर्दै विद्यालयले गरेको खेलकुदलगायत एसईई परीक्षामा उच्च अंक प्राप्त गर्ने विद्यार्थीलाई सम्मान गरे । केसीले कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयलाई सबै गतिबिधिबाट उत्कृष्ट विद्यालय बनाउनका लागि आगामी दिनमा सक्दो सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे । 'शिक्षाको विकासले मात्रै मानवको विकास र समृद्धि प्राप्त हुन्छ', उनले भने, 'त्यसैले गुणस्तरीय शिक्षाका लागि सबै लाग्नु आवश्यक छ ।' उनले विद्यालयमा विद्यार्थीको आर्कषण बढ्दै गएकोप्रति खुसी व्यक्त गरे ।

स्थापना दिवसमा आयोजित विविध अतिरिक्त क्रियाकलापका विजेतालाई शिल्ड, मेडल, पुरस्कार तथा प्रशंसापत्र समेत वितरण गरिएको छ। सो क्रममा उखुबारी समाज सेवा समितिका अध्यक्ष तथा समाजसेवी श्रीकृष्ण बस्नेतलाई सम्मान गरिएको थियो । अध्यक्ष तथा समाजसेवी बस्नेतले कार्यक्रमलाई सम्बोधन गर्दै विद्यालयको उत्तरोत्तर प्रगतिको तथा विद्यार्थीहरुलाई उच्च शिक्षाको शुभकामना दिए । उनले गत वर्ष माध्यमिक शिक्षा एसईईमा उत्कृष्ट अंक ल्याउने ३ जना विद्यार्थीहरुलाई नगद प्रतिव्यक्ति ५ हजार प्रदान गर्ने घोषण गरे ।

यस्तै स्थानीय समाजसेवी विमल खड्काले उक्त विद्यालयमा ९ कक्षा अध्ययन गरी १० कक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने प्रथम सुष्मा श्रेष्ठ , द्वितीय निरकुमारी कार्की र तृतीय असिम नेपाललाई क्रमश: पाँच तीन र दुई हजार नगद पुरस्कार प्रदान गरे । विद्यालयले आफ्ना उत्कृष्ट शिक्षक शिक्षिकाहरुलाई दोसल्ला ओडाएर सम्मानित गरेको छ । सम्मानित हुनेहरुमा भिममाया श्रेष्ठ, दिनेश श्रेष्ठ, लक्ष्मण पाख्रिन, केदार चौलागाईं ईश्वर पौडेल, मधुकर थापा, सुजता ढुंगेल, लोकेन्द्र पाख्रिन, सन्जिता खड्का, लाडोल्मा पाख्रिन, नविना खड्का र मनोज खड्का रहेका छन् । यसैगरी आफ्नो घरबाट ३ सन्तान विद्यालय पठाउने अभिभावकलाई समेत सम्मानित गरेको छ । यसरी सम्मानित हुनेमा बद्री गिरी, कुमारी तामाङ मगर, ममता कार्की, शर्मिला श्रेष्ठ, उषा कार्की, रिया तामाङ, राजेन्द्र श्रेष्ठ, बिपना ढुंगेल र कल्पना भुजेल रहेका छन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोकुल खड्काको अध्यक्षतामा भएको कार्यक्रममा भीमेश्वर नगरपालिका नगर प्रमुख ईश्वर नारायण मानन्धर, वन डिभिजन कार्यालय दोलखाका प्रमुख कृष्णराज न्यौपाने, भिमेश्वर नगरपालिकाका प्रशासनिक अधिकृत माधव सुवेदी, जनकल्याण बचत तथा ऋण सहकारीका प्रबन्धक दिपक बस्नेत, भीमेश्वर ७ का वडा सदस्य तथा कार्यवाहक अध्यक्ष रघुनाथ कार्की, पूर्व वडा सदस्य हरिकृष्ण बस्नेत, विद्यालय व्यवस्थापन समितीका पूर्व अध्यक्ष राजन खड्का लगातारले शुभकामना तथा मन्तव्य व्यक्त गरे । कार्यक्रममा समाजसेवी सैलेश केसी, रमेश बुढाथोकी, अभिभावक, शिक्षकलगायतको उपस्थिति रहेको थियो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२४**

**वाइ.पि. इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०५/११ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गह्रौंकालि कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं.: १४९९१९)** कायम गर्ने गरी मिति २०८०/०५/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ मंसिर २०८०, आइतबार
10 December 2023, Sunday

## सम्पादकीय

### सुशासनप्रति विश्वासको खडेरी

सार्वजनिक कार्यक्रम गरेरै यो वर्ष पनि भ्रष्टाचारविरूद्धको दिवस मनाइएको छ । हरेक वर्षभै ९ डिसेम्बरमा अन्तरार्ष्ट्रिय भ्रष्टाचारविरूद्ध दिवस मनाइएको हो । यो दिवसका अवसरमा देशका प्रधानमन्त्री, मन्त्रीदेखि मुख्यमन्त्रीहरू समेतले भ्रष्टाचार नियन्त्रण र सुशासनबारे सार्वजनिक मन्तव्य दिएका छन् । यसअघिका सरकार प्रमुख र मन्त्रीहरूले जस्तै यसपटक पनि सुशासनको प्रत्याभूति दिलाउनेगरी काम गर्ने प्रतिबद्धता जनाइएको छ । तर सूचकांकहरू हेर्दा नेपालमा भ्रष्टाचार घटेको र त्यसको अनुभूति नागरिकमा भएको पाइदैन । अन्तर्राष्ट्रिय भ्रष्टाचारविरूद्ध अध्ययन गर्ने संस्था ट्रान्सपरेन्सी इन्टरनेशलकै प्रतिवेदन अनुसार, सन् २०२३ मा नेपाल बढी भ्रष्टाचार हुने मुलुकमा पर्छ । १८० देशको मूल्यांकन गर्दा नेपाल ११० औं स्थानमा रहेको उक्त संस्थाको प्रतिवेदनमा उल्लेख छ ।

यद्यपि भ्रष्टाचारको सूचकांकमा केही सुधार चाहिँ देखिएको छ । अघिल्लो वर्ष नेपाल ११७औं स्थानमा थियो । त्यसमा सात स्थान सुधार देखिएको छ । यो सूचकांकमा नेपालका स्थान तलमाथि हुनुमा भ्रष्टाचार घटेको कारणले मात्रै हुँदैन । अरू देशमा नेपाल भन्दा बढी भ्रष्टाचार भए स्वतः हाम्रो सूचकांक सुधार देखिन्छ । यद्यपि भ्रष्टाचार घटेकाले नै नेपालको अवस्था सुधार आएको हो भन्ने स्थापित होओस् भन्ने कामना गरौं । तर घटनाक्रमले भ्रष्टाचारका घटना न्यूनिकरण आएको मान्न मुस्किल छ । विशेषगरी नागरिक तहमा भ्रष्टाचारविरूद्ध सरकार निर्मम रहेको विश्वास छैन । अहिलेकै सरकारले ठूला भ्रष्टाचारका केही घटनामाथि अनुसन्धान बढाएपनि नागरिकमा विश्वास जाग्न सकेन । किनकि नक्कली शरणार्थी, बालुवाटार र सुन तस्करी जस्ता प्रकरणमा निष्पक्ष छानबीन भएको पट्याउन मुस्किल पर्छ । बरू आफ्नैलाई जोगाउनेगरी अनुसन्धान प्रक्रिया बढाइएको आरोपलाई बल पुग्छ ।

जबकी मुलुकको प्रमुख एजेण्डा नै सुशासन बन्दै आएको छ । मुलुकको नेतृत्व गरिरहेका दलहरूमाथि भ्रष्टाचारकै आरोप सवैभन्दा बढी लाग्ने गरेको छ । भ्रष्टाचारकै कारण मुलुकको विकास हुन नसकेको तथ्य समाजमा स्थापित छ । गत वर्षको चुनावमा त नयाँ दल र स्वतन्त्र उम्मेद्वार हरूले भ्रष्टाचारकै एजेण्डा लिएर अप्रत्यासित मत पाएका थिए । टेलिभिजन प्रस्तोताको जागिर जोडेर राजनीतिमा लागेका रवी लामिछानेदेखि काठमाडौं महानगरको मेयरमा बालेनले स्वतन्त्र उम्मेद्वारी दिएर जित्नुमा सुशासन प्रमुख एजेण्डा थियो । मुलुकको नेतृत्व गर्दै आएका दलहरूले पनि भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति लिने प्रतिबद्धता जनाउँदै आएका छन् । तर पनि मुलुकमा भ्रष्टाचारका एकपछि अर्को ठूलो घटना सार्वजनिक हुँदा सुशासनप्रति नेतृत्व कटिबद्ध रहेको पुष्टि हुन सकेको छैन ।

# मानव अधिकारको बिग्रँदो अवस्था

सन्दर्भः अ. मानव अधिकार दिवस



● प्रोफेसर मोहम्मद रमजान अली मियाँ

आज डिसेम्बर १० अर्थात् अन्तर्राष्ट्रिय मानव अधिकार दिवस । यस दिवसको उत्पत्ति पश्चात् यस वर्ष ७४औं दिवसको रूपमा यसलाई मनाइँदैछ । यद्यपि, यसवर्ष यो उल्लासमय छैन । यो दिवस मनाइरहँदा विश्वको ठूलो भाग मानव अधिकारको भीख मागिरहेको अवस्था विद्यमान छ । जबकी प्रत्येक व्यक्तिले जात, भाषा, धर्म, लिंग, राष्ट्रियता, उत्पत्ति, सामाजिक तथा आर्थिक स्थिति र राष्ट्रिय सीमानाका बाबजुद पनि आफूमा अन्तर्निहित नैसर्गिक अधिकारहरू निर्वाध उपभोग गर्न पाउने व्यवस्थालाई अन्तर्राष्ट्रिय तहमा आधारभूत मानव अधिकारका रूपमा परिभाषित गरिएको छ । तर, कार्यान्वयनको पाटोमा अवस्था त्यस्तो छैन ।

मानव अधिकारका मान्यताहरूको प्रारम्भ सन् १२१५ को म्याग्नाकार्टादेखि भएको मानिए पनि यसको संस्थागत विकासको आधार संयुक्त राष्ट्र संघको स्थापना र यसको बडापत्रलाई मानिन्छ । बडापत्रका आधारमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी भएको आज ७३ वर्ष पूरा भएको छ । मानव अधिकारका सर्वमान्य सिद्धान्तहरू हुन्छन् र यसलाई राजनीतिक सिद्धान्त वा वर्गीयताका आधारमा व्याख्या गर्न सकिँदैन । यो विश्वव्यापी मान्यता हो । मानव अधिकारलाई स्थानीय राजनीतिक वस्तुस्थिति वा निश्चित राजनीतिक सिद्धान्तका आधारमा चिन्तन गरिनु हुँदैन । यसैगरी मानव अधिकारकर्मीहरू दलीय विचारबाट प्रभावित नभई यसका सर्वव्यापी मान्यताहरूप्रति समर्पित हुनुपर्छ । यसका लागि राज्यका अलावा मानव अधिकार संरक्षणका लागि सिर्जित मानव अधिकार आयोग जस्ता निकाय र मानव अधिकार समुदायको सकारात्मक सक्रियता अनि आपसी सहकार्य अपरिहार्य हुन्छ ।

विश्व मानव अधिकार दिवसको इतिहास हेर्ने हो भने सन् १९४१ मा तत्कालीन अमेरिकी राष्ट्रपति फ्रेङ्कलिन रुजबेल्टले पहिलोपटक ‘मानव अधिकार’ शब्दको प्रयोग गरेका थिए । सन् १९४५ मा यसलाई संयुक्त राष्ट्रसंघको बडापत्रमा समावेश गरियो । तत्पश्चात सन् १९४८ डिसेम्बर १० मा विश्वव्यापीरूपमा मानव अधिकारलाई मेरुदण्डका रूपमा घोषणा गरियो । यसको अलावा अन्य विभिन्न महासन्धि पनि निर्माण भएका छन् । यद्यपि, नेपालमा तत्कालीन नेकपा (माओवादी) र सरकारबीचको द्वन्द्वको अवस्थाको क्रममा विधिवतरूपमा १२ जेठ ०५७ मा मानव अधिकारको स्थापना भएको हो ।

समग्रमा हेर्ने हो भने नेपालमा मानव अधिकार र प्रजातन्त्रको आन्दोलन समानान्तरमा अगाडि बढेको पनि पाइन्छ । यसलाई संस्थागत गर्ने प्रयास २००७ सालमा प्रजातन्त्रको स्थापना र प्रधान न्यायालयको गठनसँगै सुरु भएको मानिन्छ । कानूनतः मानव अधिकारका मान्यताहरूलाई राज्यका तर्फबाट पहिलोपटक नागरिक अधिकार ऐन, २०१२ र नेपाल अधिराज्यको संविधान, २०१५ मार्फत सुनिश्चित गरेको पाइन्छ । आमनागरिकको स्वतन्त्रता र वैधानिक अधिकारहरूलाई मौलिक हकका रूपमा सुरक्षित गर्ने काम नेपाल अधिराज्यको संविधान, २०४७ बाट भएको हो । लोकतन्त्र स्थापना र शान्ति प्रक्रियाको थालनीसँगै जारी नेपालको अन्तरिम संविधान- २०६३ र संविधान सभाबाट घोषणा भएको संघीय संविधान-२०७२ ले नेपालमा मानव अधिकारको दायरालाई व्यापक बनाउँदै थप संस्थागत गरेको छ । फलतः मानव अधिकारको विश्वव्यापी घोषणापत्रले परिकल्पना गरेका सबैजसो नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू मौलिक हकअन्तर्गत सुनिश्चित हुन पुगेका छन् ।

आज राष्ट्रसंघको यस अभियानमा विश्वभरका १९३ राष्ट्र आबद्ध छन् । विश्वको मानव अधिकार घोषणापत्रले सबै मानिसको बाँच्न पाउने अधिकारलाई सुरक्षित गरेको छ । यसले मानिसले मानिसमाथि गरिने कुनै पनि प्रकारको दमन, शोषण, उत्पीडन र विभेदलाई पूर्णत निषेध गरेको छ र यस्तो कार्यलाई मानवताविरुद्धको गम्भीर अपराध मानेको छ । यसका लागि विभिन्न सन्धि-सम्झौता भएका छन् । तर, दुर्भाग्य नै भन्नुपर्दछ जुन दिनदेखि मानव अधिकार घोषणापत्र जारी भयो, त्यसै दिनदेखि झनै मानव अधिकार उल्लंघनका घटना बढेको तथ्यांकले देखाउँछ ।

जुन कार्यविरुद्ध मानव अधिकार घोषणापत्र जारी भयो, त्यस कार्यमा न्यूनीकरणको साटो झनै वृद्धि हुनु भनेको यसको असफलताको पराकाष्ठा हो । जब कि त्यसअघि मानव अधिकारको अवस्था यस्तो दुर्दशामा थिएन ।



*संसारभर विधिको शासन कमजोर भएको छ, परिणामतः शासन, प्रशासन र मानव अधिकारमाथि नै प्रश्नचिह्न खडा भएको छ । विश्वभरि नै मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि संस्थागत र कानूनी प्रयास कागजीरूपमा पर्याप्त मात्रामा भएको देखिन्छ, तर व्यवहारमा मानव अधिकारका मान्यतामाथि प्रहार हुने क्रम भने रोकिएको छैन ।*

युगको विकाससँगै मानव अधिकार उल्लंघन पनि उत्तिकै बढेको छ । संसारभर विधिको शासन कमजोर भएको छ । परिणामतः शासन, प्रशासन र मानव अधिकारमाथि नै प्रश्नचिह्न खडा भएको छ । विश्वभरि नै मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि संस्थागत र कानूनी प्रयास पर्याप्त मात्रामा भएको छ तर, व्यवहारमा मानव अधिकारका मान्यतामाथि प्रहार हुने क्रम भने रोकिएको छैन ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका बाबजुद पनि संसारका विभिन्न मुलुकमा मानव अधिकारको स्थितिमा उल्लेखनीय सुधार आउन नसक्नु दुःखद पक्ष मान्नुपर्छ । नेपालमै पनि एकातिर मुलुकमा दीर्घकालदेखि विद्यमान विभेद, असमानता र छुवाछूत जस्ता उल्लंघनका घटना अद्यावधि भइरहेका छन् भने अर्कोतिर मानव अधिकार उल्लंघनका घटनामा आरोपितहरूमाथि कारबाहीका लागि राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्था अझैपनि सन्तोषजनक छैन । साथै, द्वन्द्वकालीन मानव अधिकार उल्लंघन तथा मानवताविरुद्धका अपराधहरूको सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूमार्फत् सम्बोधन गर्नु र पीडितहरूलाई न्याय सुनिश्चित गर्ने कार्यमा देखिएको अन्योलले मुलुकको अन्तर्राष्ट्रिय छविमा गिरावट आएको छ ।

सामान्यतयाः सबैजसो देश मानव अधिकारका मान्यतालाई व्यवहारमा उतार्न र यसको संरक्षणसम्बन्धी संरचनालाई सबल पार्न हिच्किचाउने गर्छन् । यो राज्य संयन्त्रको विशेषता नै हो तर, मानव अधिकार प्रवर्द्धनमा राज्यलाई बाध्यात्मक अवस्था सिर्जना गर्ने नेपालको नागरिक समाजमा देखिएको निस्क्रियता र दलीयकरण हुनु दुःखद पक्ष मान्नुपर्ने हुन्छ । लोकतन्त्रको स्थापना तथा द्वन्द्वको शान्तिपूर्ण समाधानमा अत्यन्त सक्रिय तथा रचनात्मक भूमिका निर्वाह गरेको मानव अधिकार समुदाय लोकतन्त्रको स्थापनासँगै दलीय राजनीतिको दलदलमा फसेको आभास हुन्छ । जसले गर्दा मानव अधिकार जस्तो आधारभूत र संवेदनशील विषयलाई सामान्यरूपमा लिने गरेको पाइन्छ । जबकी मानव अधिकारका सर्वमान्य सिद्धान्तहरू हुन्छन् र यसलाई राजनीतिक सिद्धान्त वा वर्गीयताका आधारमा व्याख्या गर्न सकिँदैन । यो विश्वव्यापी मान्यता हो । मानव अधिकारलाई स्थानीय राजनीतिक वस्तुस्थिति वा निश्चित राजनीतिक सिद्धान्तका आधारमा चिन्तन गर्नुहुँदैन । यसैगरी मानव अधिकारकर्मीहरू दलीय विचारबाट प्रभावित नभई यसका सर्वव्यापी मान्यताहरूतर्फ समर्पित हुनुपर्छ । यसका लागि राज्यका अलावा मानव अधिकार संरक्षणका लागि सिर्जित मानव अधिकार आयोग जस्ता निकाय र मानव अधिकार समुदायको सकारात्मक सक्रियता अनि आपसी सहकार्य अपरिहार्य हुन्छ । मानव अधिकार हरेक मानिसको जन्मसिद्ध नैसर्गिक अधिकार हो । नेपालमा यसलाई राज्यको पाँचौं अङ्गका रूपमा लिइएको छ । तर, अहिलेको युग र अवस्थाअनुसार यसलाई पहिलो अङ्गका रूपमा लिनुपर्ने आवश्यकताको महसुस सर्वसाधारणले गरिरहेका छन् । आजको लोकतान्त्रिक युगमा जबसम्म मानव अधिकारको रक्षा हुँदैन, तबसम्म वास्तविक लोकतन्त्रको प्रत्याभूति गर्न सकिँदैन । मानव अधिकार अविभाज्य अधिकार हो । यी अधिकार विश्वव्यापी हुन् । मान्छेको जात, धर्म, सम्प्रदाय, राष्ट्रियता, उमेर, लिंग, राजनीतिक विचार, ज्ञान, अपांगता, लैंगिक झुकाव, लैंगिक परिचय आदिसँग यसको कुनै सरोकार हुँदैन । तर, आजसम्म शक्तिशालीहरूले यसलाई कमाई खाने भाँडो र राजनीति गर्ने आधारका रूपमा लिएका छन् । यतिसम्म कि आफू र आफ्नो पार्टी, संगठनका गलत क्रियाकलाप लुकाउन र त्यसलाई उन्मुक्ति दिन राजनीतिक भर्ती केन्द्रका रूपमा लिएको देखिन्छ । यो बडो गम्भीर र दुःखद कुरा हो । यस्तो खाले सोच, चिन्तन र प्रवृत्तिले मानव अधिकारको रक्षा र भलो कहिल्यै हुन सक्दैन ।

संसारको मानव अधिकार यति धेरै खस्किँदो अवस्थाबाट गुज्रिरहेको छ कि जहाँ मानव छ, त्यहाँ मानव अधिकार देखिँदैन । जहाँ मानव अधिकारको विषय छ, त्यहाँ मानव देखिँदैन । यो कसको र कस्तो खालको मानव अधिकार हो ? जब कि आजको युगमा कुनै पनि व्यवस्था वा लोकतन्त्रको मुटु भनेकै मानव अधिकार हो । मानव अधिकारबिना मानव समाज र विकासको कल्पना गर्न सकिँदैन । न त असली सामाजिक लोकतन्त्रको कल्पना नै गर्न सकिन्छ । जहाँ मानव अधिकार हुँदैन, त्यहाँ लोकतन्त्र पनि हुँदैन । जुन व्यवस्थामा मानव अधिकारको प्रत्याभूति हुँदैन, त्यो व्यवस्था कहिल्यै सफल हुन सक्दैन । मानव अधिकार बलियो नभए लोकतन्त्र बलियो हुन सक्दैन । किनभने, आजको युगको लोकतन्त्र भनेकै मानव अधिकार हो । मानव अधिकारबिना आजको युगमा कुनै पनि लोकतन्त्र र व्यवस्थाको कल्पना गर्न सकिँदैन ।

पछिल्लोपटक इजरायल-प्यालेस्टाइनबीच भएको कहालीलाग्दो घटनाक्रमले मानव अधिकारको विश्वव्यापी स्थितिलाई चित्रित गर्दछ । २१औं शताब्दीको युगमा थुप्रै मुलुक यसैगरी विभिन्न नाममा द्वन्द्वमा फसेका छन् । कतिपय आन्तरिक कारणले फसेका छन् भने कतिपयमा महाशक्ति मानिने राष्ट्रहरूबीचको लडाइँले फसेका छन् । विश्वका शक्ति राष्ट्रहरूले आजको युगमा पनि हिंसाको सहारा लिनु बिडम्बनापूर्ण छ । जुन शक्ति राष्ट्रहरूले मानव अधिकारको महसुस गरेर यसको स्थापना गरे र संसारभर मानव अधिकारको पाठ सिकाउँदै हिँडेका छन्, आज उनीहरूबाटै योजनाबद्ध ढंगले ठुल्ठूला मानव अधिकार उल्लङ्घनका घटना घटिरहेका छन् । आज सबैभन्दा बढी इजरायल र प्यालेस्टाइनबीचको युद्धको चर्चा छ । जहाँ सिधा-सिधा शक्ति राष्ट्रको स्वार्थ घुसेको देखिन्छ ।

नेपालको सन्दर्भमा, यतिबेला धार्मिक, जातीय र क्षेत्रीय द्वन्द्व निम्तिने खतरा बढेको छ । जसलाई पछिल्लो केही महिना अगाडि तराईका विभिन्न भागमा देखिएको धार्मिक र साम्प्रदायिक घटनाले सहजै पुष्टि गर्दछ । नेपालमा मात्रै दैनिक २० जना मानव अधिकार उल्लङ्घनको सिकार भइरहेको मानव अधिकारवादी संस्था इन्सेकको तथ्यांक छ । यसको सबैभन्दा ठूलो मारमा कमजोर वर्ग, जाति, क्षेत्र, लिंग, धर्म र समुदायका महिला, गरिब र दलित र मुस्लिम समुदाय परेका छन् । तसर्थ, आज अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाइ रहँदा कता-कता यसको कार्यान्वयनको क्षेत्र अति फितलो र कमजोर भएको कारण अधिकार प्राप्तिमा निकै कसरत पश्चात पनि मानव अधिकारको सुरक्षा एवम् प्राप्ति आभास नभएको लागिरहेको छ ।

*(मियाँ, राष्ट्रिय मानव अधिकार आयोग कतारमा आबद्ध छन् ।)*

## सामाजिक सञ्जाल



- सेतेमान तामाङ

एनसेल कि राज्यको नियमनमा राख्न सक्नुपर्छ कि बन्द गर्न सक्नुपर्छ । सधैं चन्दा लिने र जनताको अगाडि भ्रम छाड्ने तमासा मात्रै नबनौं । एनसेलको छानबिन औपचारिकता निम्त्याउने र जनतालाई अलमलमा मात्रै पार्न नगरौं । छानबिन समिति उहीँ कमिसनमा बार्गेनिङ गर्ने र जनताको आँखामा छारो हान्ने प्रवृत्ति नहोस् ।



- निलाम्बर आचार्य

एकपछि अर्को काण्डमा उच्चस्तरीय संलग्नताका घटना बाहिर आएका छन् । तर उच्च स्तरमाथि कारबाही गरिएको पाइँदैन । एनसेल कर छली काण्डमा त्यही किस्सा नदोहोरियोस्, चित्तबुझ्दो पूर्ण छानबीन र कारबाही होस् ।



- भीम रावल

रूसी सेनामा भर्ना हुन नेपाल प्रहरीका बहालवाला कर्मचारी नै ‘लाइन लागेको’ समाचार सरकारी सञ्चार माध्यमबाट सुनियो । यस्तो गम्भीर अवस्था देशमा किन, कसरी र कसको कारणले भयो । सबैले सोचौं र खोजौं । अनि राज्य र राजनीतिको बागडोर हातमा लिएकाहरू के गर्दै छन् त ? सबैले प्रश्न गरौं ।



- डा. सुन्दरी पोखरेल

एनसेल विषयमा छानबिन समिति किन चाहियो ? एनसेललाई बोलाउने, कानूनअनुसार काम गर्न लगाउने, कर तिराउने, शेयर हस्तान्तरण ठिक कि बेठिक भनेर निर्णय गर्ने अधिकार भएका सरकारी निकायहरु छन् । त्यस्ता निकायले आफ्नो काम गरे कुरै सकियो । समिति किन बनाउनु ? समिति निर्माणमा नियत खराब देखिन्छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | नयाँ सम्बन्धमा वृद्धि हुनेछ । अर्काको सहयोग पाइने योग छ । |
| वृष : | आय राम्रो हुनेछ । अनावश्यक कार्य गर्नु हुँदैन । |
| मिथुन : | बाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्नेछ । |
| कर्कट : | अनावश्यक डरले सताउने । जग्गा सम्बन्धी कार्य सफल हुनेछ । |
| सिंह : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ । |
| कन्या : | पद र प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| तुला : | दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ । |
| वृश्चिक : | स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ । |
| धनु : | रुकावट पछि सफलता प्राप्त हुनेछ । अनावश्यक तनावको योग । |
| मकर : | सामाजिक जीवन प्रभावशाली रहनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला । |
| कुम्भ : | राजकीय कार्यमा वृद्धि हुनेछ । मुद्दा मामिलामा समय खर्च हुनेछ । |
| मीन : | पारिवारिक सहयोग राम्रो रहनेछ । कार्य सफल हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# दलहरूको आम्दानी र भ्रष्टाचार

विचार



● शम्भू कट्टेल

नेपालमा दलहरू बन्ने क्रम लगभग वि.सं. १९९० बाट सुरु भएको देखिन्छ । २००७ साल आसपास तिरको ठूला पार्टीहरूमा मुख्यतः नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी नै देखिन्छन् । कांग्रेस सुवर्ण समशेर आदि जस्ता धनाढ्यहरू भएका समेत कारणले हुनसक्छ बीपी कार्यकर्ताहरूलाई आर्थिक सहयोग बाँड्थे भन्ने पढ्न पाइन्छ । तर, नेकपातर्फ भने कार्यकर्ताहरूले पुष्पलाल जस्ता नेताहरूलाई आर्थिक सहयोग गर्थे भन्ने सुनिन्छ । नेकपाका सबैजसो समूहहरूमा पछिसम्म कार्यकर्ताहरूले संकलन गरेको रकमबाट पार्टी चलेको र नेताहरूलाई पालेको देखिन्छ तर, महाकाली सन्धीपछि केही पार्टीहरूमा नेताहरूले कार्यकर्ताहरूलाई आर्थिक सहयोग गर्ने गरेको देखिन्छ ।

यता, माओवादी शान्ति प्रक्रियामा आएपछि त्यहाँ पनि नेताले कार्यकर्ता पाल्ने क्रम सुरु भएको देखिन्छ । प्रचण्डले नै स्वीकार गरेका छन् कि सबैजसो सत्ताधारी तथा प्रतिपक्षीलगायत पार्टीहरूमा चुनावताका नेताले कार्यकर्तालाई पैसा दिने गरेको र सो पैसा विदेशी शक्तिहरूबाट समेत आउने गरेकोले देशको राजनीति विदेशमुखी हुँदै गएको हो । सत्ता बाहिरका धेरैजसो गैरमाओवादी र गैरएमाले धारका साना पार्टीहरूमा भने अझैपनि कार्यकर्ताहरूले नेता पालेको र बुढेशकालमा नेताहरूलाई आफ्ना घर परिवारको रेखदेख जरुरी भएको सुनिन्छ ।

शुभेच्छुकहरूबाट उठेको थोरै थोरै ऐच्छिक चन्दा र सदस्यहरूको सदस्यता शुल्क नै वामपन्थी दलहरूको भ्रष्टता बढ्नुअघिको आर्थिक आधार हो । व्यक्तित्व उठेका नेताले केही ठूलो चन्दा रकम उठाउन सक्थे र उठेका सबै रकम एउटै भण्डारमा आउँथ्यो भन्ने बलियो आधार देखिँदैन्थ्यो तर, औसत कार्यकर्ताले उठाएका चन्दा रकम कार्यकर्ताको स्वभाव हेरिकन धेरै हदसम्म एउटै भण्डारमा जम्मा हुने गर्दथ्यो । कमजोर सदस्यलाई केही सहयोग गर्ने परम्परा भए पनि मैले काम गरेको पार्टीमा त्यतिखेर गरीब वर्गबाट आएका कार्यकर्ताले भन्दा नेतृत्वमा भएका नेताहरूले बढी निर्वाह भत्ता पाउँथे, त्यसले गर्दा गरीब कार्यकर्ताहरू पार्टीमा धेरै टिक्न सक्दैन्थे र पार्टीहरूले तल्लो वर्गको धेरै प्रतिनिधित्व गर्न सक्दैनथे ।

अहिले आएर ठूला पार्टीहरू आर्थिक विश्रृंखलतामा अगुवा बनेका देखिन्छन् । अगुवाको मनपेट पाएर कर्मचारीहरूमा पनि भ्रष्टाचार बढेको छ । पार्टीका नेताहरूको स्तर हेरिकन उनीहरूका आर्थिक स्रोतहरूमा विदेशी दुतावास र धनाढ्यहरूको सहयोग, देशीय घरानिया र नवधनाढ्यहरूको सहयोग, कमिसन, तस्करी र बेरुजुलगायतका भ्रष्टाचार र सदस्यहरूबाट उनीहरूको आम्दानीको प्रतिशतको आधारमा जम्मा हुने सदस्यता शुल्क र चन्दा हुने गरेको देखिन्छ ।

युद्धमा रहेका बेला हतियार किन्ने आदि प्रयोजनमा ठूलो स्तरको धन चाहिने हुनाले त्यो बेला त्यसै किसिमको बैंक कब्जा, जहाज अपहरण आम्दानीको स्रोत बनाउने गरेको पाइयो । पार्टीको आर्थिक उपार्जनको लागि सञ्चालित सामूहिक उद्योग व्यवसाय नगण्य छन् र ती त्यति सफल छैनन् । केही पार्टीहरूले उत्पादन सहकारी बनाएको कुरा सुनिन्छ, तिनीहरू पनि धेरै सफल भएको सुनिदैन । कसैले त्यसलाई नितान्त व्यावसायिक इकाइको रूपमा चलाएको र कसैले सामूहिक जीवनस्थलको रूपमा चलाएको भन्दै आएका छन् ।

पहिले-पहिले पूर्णकालीन कार्यकर्ताहरू पार्टीको सहयोगमा भन्दा आफ्नै आर्थिक आधार वा श्रममा निर्भर हुन्थे भने अहिले आएर सबैजसो पार्टीहरूमा उनीहरू कि त नाम मात्रको पूर्णकालीन भएका छन् कि त मासिक तलबमा निर्भर रहेका देखिन्छन् । उनीहरूमध्ये ठूलो संख्यामा आर्थिक नैतिकता गिरेको देखिन्छ । कतिपय पार्टीहरूको आर्थिक स्रोत आफ्ना नजिकका एनजीओमार्फत सरकारी योजनामा साझेदारी र विदेशी एनजीओ रहेको पनि बुझिएको छ ।

अहिले नयाँ बनेका प्रायः पार्टीहरू पुराना पार्टीका असन्तुष्ट वा बिटुलिएका व्यक्तिहरूबाट बनेका हुनाले तिनीहरूमा पुराना पार्टीका पदचाप र प्रभाव परेको देखिन्छ । उनीहरूको क्षमता कमजोर रहेकोले उनीहरूले आम्दानीको लागि खासगरी व्यापारी उद्योग व्यवसायीहरूलाई चिठी काटेर चन्दा संकलन गर्ने गरेको देखिन्छ ।

यथार्थमा पार्टीहरूनै जनताका भाग्य निर्माता हुने गरेका छन् । पार्टीहरूका गुण दोषले जनताले दुःख वा सुख पाउने भएकोले सबैले पार्टीहरूको गुण नियन्त्रणमा ध्यान दिनुपर्ने देखिन्छ । पार्टीहरूका आर्थिक पद्धतिले पनि पार्टीहरूका गुण वा चरित्र निर्माण गरेको पाइन्छ । उनीहरूका आर्थिक पद्धतिले ती पार्टीहरू क्रान्तिकारी हुने कि नहुने, कुन आर्थिक-सामाजिक वर्गको सेवक बन्ने निधो गर्ने गरेको देखिन्छ । त्यसैले यसमा सबै जनपक्षीय व्यक्ति, समूह र संगठनहरू सचेत र सतर्क हुन पर्ने देखिन्छ ।

# गाजा युद्धमा अमेरिकाको भिटोपछि इरानले दियो विस्फोटको चेतावनी



**काठमाडौं/एजेन्सी–** अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले शनिबार मध्यपूर्वमा अवस्थाको 'नियन्त्रण गर्न नसकिने विस्फोट' हुने खतराको चेतावनी दिएको छ ।

इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर-अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गरे ।

इजराइली अधिकारीहरूका अनुसार इरान समर्थित इस्लामिक लडाकू समूह हमासले अक्टोबर ७ मा दक्षिणी इजराइलमा गरेको आश्चर्यजनक हमलामा अधिकांश सर्वसाधारणसहित करिब एक हजार दुई सय मानिसको मृत्यु भएको छ भने हमासले करिब दुई सय ४० जनालाई बन्धक बनाएको छ ।

इजराइलले जवाफमा हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला शुरु गरेको छ । हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित १७ हजार चार सयभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ । इजराइल अमेरिकाको मुख्य सहयोगी मुलुक हो ।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले शुक्रबार भिटो लगाएको थियो । उक्त प्रस्तावले हमासलाई अक्टोबर ७ मा गरेको हमलालाई दोहोर्याउन सक्षम बनाउने भन्दै भिटो लगाउनुपरेको अमेरिकाले बताएको छ ।

इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर-अब्दुल्लाहियानले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भने, 'जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ ।'

इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसंघ बडापत्रको धारा ९९ लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम' का रूपमा प्रयोग गर्ने राष्ट्रसंघीय महासचिवको प्रशंसा गरे ।


## UAE मा रोजगार

कम्पनी: Wonderful security and life guard services LLC
शहर: UAE

पुर्व स्वीकृत मिति: २०८०/०८/२१ | चलानी नं.: ६०२१११११२ | L.T. No.: 296046

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 25 | 0 | स. काममा दक्ष | 1200 | ४२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: BEST SECURITY SERVICES
शहर: UAE

पुर्व स्वीकृत मिति: २०८०/०८/२१ | चलानी नं.: ६०२१११११३ | L.T. No.: 296047

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Security Guard | 20 | 0 | स. काममा दक्ष | 1200 | ४२,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० पौष १ गते (17 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No. 1586/079/80

HIMALAYAN GORKHA HR SOLUTION PVT LTD
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9869009640 | 9849913982 | 9810274885 | 9851168772 | 9762530735
E-mail: himalayangorkhahr15@gmail.com | Website: www.himalayangorkhahr.com.np

## UAE मा रोजगारको अवसर

१. कम्पनी : AL QUEBEISI S G B L L C
शहर: UAE

पुर्व स्वीकृत मिति: २०८०/०८/२१ | चलानी नं.: ६०२१११६४ | L.T. No.: 296118

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 200 | 0 | सम्बन्धित काममा दक्ष | 1250 | ४५,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Supervisor | 1 | 0 | | 4500 | १,६३,०८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष १ गते (17 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Manpower Services Pvt. Ltd.
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com
श्रम इजाजत नं. ०२३/०४८/०४९

## कतारमा रोजगारको अवसर

कम्पनी: Vectrus Maintenance Services
शहर: DOHA

पूर्व स्विकृति मिति: २०८०/०८/२२ | चलानी नं. : ६०२१११७४ | LT. No. :296127

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Storekeeper | 15 | 0 | स. काममा दक्ष | 1900 | ६९,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० पौष १ गते (17 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

M.E.M.
मिडिल इष्ट म्यानपावर प्रा. लि.
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५४२९९६०, ५४३०२६३ फ्याक्स: ०१-५५३२०८४,
श्रम ई. पत्र नं. ६१/०५१/०५२
सम्पर्क: ९८१८६०७३२५ । Email: cvs.middleast@gmail.com | Web: www.middleast.com.np

## मलेसियामा रोजगार

कम्पनी : KAWALAN KESELAMATAN SENTRAL (M) SDN.BHD.( 476817-T )
शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०९/०८ | चलानी नं.: ६०१९३७२४ | LT. No.: 278049 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 18 | 0 | स. काममा दक्ष | 1500 | ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष ३ गते (19 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705, 4594457.
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com



## Invitation for Bids

### Shree Gyan Prakash Secondary School Ghorakhori

Champadevi-6, Okhaldhunga

**Invitation for Sill Quotations for the Desktop Computer' Purchase**

**First Date of publication: 2080/08/24**

1. The Shree Gyan Prakash Secondary School Ghorakhori invites sealed quotations for the Following task:

| Contract No. | Project Name | Estimated Amount With Vat. | Bid Security Amount |
|---|---|---|---|
| GPS/SQ/01/080/081 | Desktop Computer Purchase | Nrs. 19,88,800.00 | Nrs. 50000 |

2. Eligible Bidders may obtain inspect and buy the Bidding Documents at the office of Shree Gyan Prakash Secondary School. Ghorakhori, Champadevi-6, Okhaldhunga, gyanprakashssghorakhori@gmail.com should deposit the cost of bidding document (Nrs.1000) not later than 2080/09/08 office hours either Receipt voucher or Bank Deposit Voucher in the following account
   **Name of the Bank : Agricultural Development Bank,**
   **Name of Office : Champadevi Branch**
   **Office Internal Reveneu Account no. – (1125701441172016)**
3. Sealed bids must be submitted to the office Shree Gyan Prakash Secondary School Ghorakhori, Champadevi-6, Okhaldhunga, through hard copy on or before 12:00 pm on 2080/09/09. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/09/09 14:00 PM at the office of Shree Gyan Prakash Secondary School Ghorakhori, Champadevi-6, Okhaldhunga. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 50,000.00 in shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



Province Government
Ministry of Physical Ifrastructure Development
Transport Infrastructure Directorate

## Infrastructure Development Office

Koshi Province, Bhojpur

**Invitation for Bid**

**IFB No.: 01/080/81**

**First Date of Publication: 2080/08/24 (December 10, 2023)**

1. Infrastructure Development Office, Bhojpur invites bids from eligible bidders for following procurement of works:

| S.N. | Contract Identification Number | Description and Location of work | Key Qualification Requirement | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | IDO/BHO/W/NCB-01/080/81 | Upgrading of Suntale Dingla Satighat Road | **Average Annual Construction Turnover :NRs 3,84,00,000.00 Experience : Should have Completed at least One Bituminious road project within the last Ten years, with a value of at least NRs. 1,02,00,000.00 that have been successfully or are substantially completed and that are similar to the proposed works.** | 7,96,000.00 | 5000.00 |

**2. Purchase, Submission and Opening:**

| S.N. | Last Date of Submission of Bid: Date | Last Date of Submission of Bid: Time | Opening of Bid: Date | Opening of Bid: Time | |
|---|---|---|---|---|---|
| 1 | 2080/09/24 (9th jan, 2024) | 12 noon | 2080/09/24 (9th Jan, 2024)) | 1 PM | A complete set of Bidding Documents may be purchased from the PPMO Website bolpatra.gov.np/egp by eligible Bidders. |

**3. Revenue Details:**

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Province Treasury, Controller Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 2040100202030000 (Pradesh Dharauti) | Office code 3370107011 |
| Infrastructure Development Office, Bhojpur | Rastriya Banijya Bank | Bhojpur Branch | 1000200010000 (Rajswa) | 14229 (Revenue Code) |

4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other Procurement process remains as per rule of PPA and PPR.

**Office Chief**



Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction

## Federal Project Implementation Unit

Nepalgunj, Banke

**Notice for Letter of Intent**

**Publication Date : 2080/08/24**
**Notice No. : 06/080/81**

This is to notify in accordance with PPA, 2063 Clause. 27-(2) for the provision of Clause. 47 that, it is our intention to award the following contracts to the below mentioned contractor as their bid price as corrected and modified in accordance with the Instructions to Bidders hereby selected as substantially responsive lowest evaluated bids.

| Contract ID | Name of Project | Bidder's Name | Bid Price Without VAT NRs. |
|---|---|---|---|
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-13 | Upgradation of Road and Drain at Chedapur to Khairapur Police Chauki Road, Gulariya-1, Bardiya (Re-bid) | DP Nirman Sewa, Gulariya Bardiya | 24,58,518.30 |
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-16 | Construction of Boundary Wall at Karbala, Gulariya-11, Bardiya | SK Construction, Janaki, Banke | 38,21,148.65 |
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-17 | Construction of Drain and Road Upgradation at Ratna Rajmarga towards North Shahid Smriti Bhawan to Kohalpur-2 Border Road, Banke | N N Construction, Baijnath, Banke | 23,11,343.00 |
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-18 | Construction of Drain at Sainabar Chowk to Bawanpar Pipal Chautara Road, Thakurbaba, Bardiya | Thakurbaba Nirman Sewa, Bardiya | 32,97,240.00 |
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-19 | Construction of Asphalt Road at Madhuwan Na. Pa.-4, Shanti Chowk towards Badarbhariya Ringroad, Bardiya | Gramin Nirman Sewa, Kalikot | 31,58,212.00 |
| DUDBC/FPIU/Banke/ Works/NCB/2080/081-20 | Construction of Drain at Paraspur Chowk to Ladhahi Gau towards Shahi Gau Road, Nepalgunj-17, Banke | Jaya Shambhu Construction, Nepalgunj, Banke | 33,26,772.90 |

**Project Chief**

# बक्स अफिस समाचार

# गीत-संगीतमा सफलता चुम्दै गायिका गीता भट्टराई



**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ मंसिर

लोक दोहोरी, लोक पप तथा आधुनिक गीत-संगीत क्षेत्रमा चर्चित नाम हो, गीता भट्टराई । नवलपुर मध्यविन्दु नगरपालिका वडा नं ८ मा २०३८ साल असोज महिना १५ गते बुबा रामप्रसाद आचार्य र आमा इन्द्रादेवी आचार्यको कोखबाट जन्मिएकी गायिका भट्टराईलाई सानैदेखि गीत-संगीतमा रुची थियो । गीता सानैदेखि घरका काम गर्दा, बाटोमा हिँड्दा पनि गीत गुनगुनाउने गर्थिन् । सानैदेखिको रुचीलाई वास्तविकतामा परिणत गर्न धेरै मिहिनेत गरिन् गीताले । आफ्नो गायिका बन्ने धोको पूरा गर्न उनले संगीत पनि सिकिन् । संगीत सिकेर यो क्षेत्रमा होमिएकी गायिका भट्टराईले पछाडि फर्किएर हेर्नु परेको छैन ।

काठमाडौंको बनस्थली बस्दै आएकी गायिका भट्टराई विद्यालयमा हुने हरेक कार्यक्रममा गायनका लागि तम्तयार भएर बस्थिन् । विद्यालयका कार्यक्रममा आफ्नो गायनको प्रतिभा देखेर विद्यालयका शिक्षक, शिक्षिका तथा साथीहरुले बेजोड प्रशंसा गर्ने गरेको उनले सुनाइन् । गायन कौशल राम्रो भएकै कारण उनी विद्यालयका कार्यक्रममा विभिन्न पुरस्कारबाट पुरस्कृत हुन्थिन् ।त्यस्ता कार्यक्रममा उनी प्रथम, द्वितीय तथा तृतीय हुन्थिन् ।

२०६८ सालबाट औपचारिकरुपमा गीत-संगीत क्षेत्रमा लागेकी गायिका भट्टराईले हालसम्म एक सय वटा भन्दा बढी गीत बजारमा ल्याइसकेकी छिन् । उनका 'चन्द्रागिरि घुम्न जाँदा', 'स्विट्जरल्यान्ड घुम्न जाँदा', ' माया जालमा परें', 'रेलको साँचो रेलैले भाँच्यो', 'भुल्न गाह्रो भो', 'ए ठूले', 'नक्कलीले खायो मेरो देश', 'मेरो प्यारा परदेशी भूमिमा', 'मोतीराम र जमुना', 'बिहे गर्ने भन्दाभन्दै जोवन ढल्क्यो' लगायतका गीत दर्शक स्रोतामाझ चर्चित छ । उनको आफ्नै रचना, लय र स्वर रहेको 'ए ठूले' बोलको गीत झण्डै करोड क्लबमा पुग्न सफल भएको छ । गायिका भट्टराईको पछिल्लो पटक सार्वजनिक भएको 'चोखो मायामा' बोलको गीत पनि दर्शक स्रोताले रुचाएका थिए । उनको उक्त गीत युट्युबको ट्रेन्डिङमा पनि आएको थियो । साथै आफू अहिले नयाँ गीत सार्वजनिक गर्ने तयारीमा रहेको पनि उनले सुनाइन् । हाल उक्त गीतको रेकर्डिङको काम भइरहेको उनले बताइन् । उनले लोक दोहोरी, लोक पप, तीज, रक, आधुनिकलगायतका विभिन्न विधाका गीतमा आफ्नो सुमधुर स्वर दिएकी छिन् भने सबै विधामा सफलतासँगै चर्चा कमाउन सफल भएकी छिन् । गायनसँगै गायिका भट्टराईले केही म्युजिक भिडियोमा अभिनय पनि गरेकी छिन् । आफ्नो मुख्य विधा गायन नै भएपनि नयाँ केही गर्ने उत्साह र इच्छाका कारण मोडलिङ गरेको उनी बताउँछिन् ।




दर्शक स्रोताले माया गरेकै कारण देश तथा विदेशमा हुने विभिन्न कार्यक्रममा उनको माग पनि उत्तिकै छ । गायिका भट्टराईले देशका विभिन्न जिल्ला तथा विदेशमा आफ्नो प्रस्तुतिबाट दर्शक स्रोताको मन जितिसकेकी छिन् । गायिका भट्टराईले कतारमा लोक दोहोरी प्रतिष्ठान दोहा, कतारले आयोजना गरेको कार्यक्रम तथा भारतीय दूतावासले कतारमा आयोजना गरेको कार्यक्रममा पनि सांगीतिक प्रस्तुति दिइसकेकी छिन् । सन् २०२२ मा कतारमा आयोजित फिफा विश्वकप फुटबलको अवसरमा विभिन्न भारतीय तथा नेपाली समाजले गरेका कार्यक्रमहरुमा गायिका गीताले नेपालको राष्ट्रिय झण्डा बोकेर आफ्नो प्रस्तुति दिएकी थिइन् ।

लोकसंगीत बहुउद्देश्यीय सहकारी संस्थाको संस्थापक सदस्य, लोकदोहोरी प्रतिष्ठानको आजीवन सदस्य तथा सहयात्रा नेपालको मानार्थ सदस्यसमेत रहेकी गायिका भट्टराई आफ्नो प्रस्तुतिले दर्शक स्रोताको मुहारमा खुसी ल्याउँदा जस्तो आनन्दको अनुभूति अन्य केही गर्दा नपाइने बताउँछिन् । दर्शक स्रोताको मायाले नै आफूलाई यस क्षेत्रमा झनै क्रियाशील भएर लाग्न उत्प्रेरित गरेको उनको भनाइ छ ।

एक दशक लामो सांगीतिक यात्रमा गायिका भट्टराई विभिन्न अवार्डबाट सम्मानित पनि भएकी छिन् । उनले 'जमुना र मोती' बोलको गीतबाट 'सहयात्रा तीज म्युजिक अवार्ड २०७५'मा सर्वोत्कृष्ट अवार्ड, 'मेलोडी म्युजिक अवार्ड २०७७'मा सर्वोत्कृष्ट गायिका, 'ए ठूले' बोलको गीतबाट 'हिमालयन इन्टरनेशनल नेपाली म्युजिक अवार्ड २०७८'मा सम्मान, 'माया जालमा परें' बोलको गीतबाट 'स्टार इन्टरनेशल अवार्ड २०७८'मा उत्कृष्ट अवार्ड, 'चन्द्रागिरि घुम्न जाँदा' बोलको गीतबाट 'तेस्रो एपिक म्युजिक अवार्ड २०७८'मा सम्मान पाएकी छिन् ।

गत साउनमा राजधानीको भृकुटीमण्डपमा आयोजना गरिएको जनचेतनामूलक सांगीतिक कार्यक्रममा गायिका भट्टराईले हजारौं दर्शकहरुलाई आफ्नो सुमधुर स्वरले मन्त्रमुग्ध बनाइन् । हजारौं दर्शक स्रोताहरुबाट वाहवाही कमाइन् ।

